**WANTED**

We are looking for energetic, enthusiastic, self motivated and experienced candidate for the following posts

* Primary - 1| Grade Teaching
Qualification: Minimum Bachelor Running

* Lower Secondary -1 | Science
* Lower Secondary -1 | Mathematics
Qualification: Bachelor Degree

Apply immediately with handwritten application

* आया दिदी - १ (साधारण लेखपढ)

Learners' Academy
Secondary School
Ph: 6612496 / 9841271637
learners.edu@hotmail.com

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

वर्ष : २६ ★ अङ्क : ७१ ★ ने. सं. ११४४ चिल्ला गा, नवमी ★ बुधबार ★ २१ चैत, २०८० ★ April 3, 2024, Wednesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## बैङ्क तथा वित्तीय संस्थाहरू पुँजीपतिवर्गको स्नायु केन्द्र




भक्तपुर, २० चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले बैङ्क तथा वित्तीय संस्थाहरू पुँजीपतिवर्गको स्नायु केन्द्र भएको हुँदा ती संस्थाहरूले कामदारवर्गको भन्दा पुँजीपतिवर्गकै हितमा काम गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको ६७ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रममा उहाँले सहकारी संस्थाहरूको प्रमुख समस्या त्यसमा व्याप्त भ्रष्टाचार र आर्थिक अनियमितता नै हो भन्नुभयो ।

सहकारी संस्थाको जगमा आजको चीनले आर्थिक र सामाजिक विकास गरेको बताउँदै उहाँले चीनका सहकारी संस्थाहरू खुला विश्वविद्यालयको रूपमा सञ्चालित रहेको, कृषि र उत्पादनमूलक क्षेत्रमा लगानी तथा व्यापक जनतालाई सचेत र सङ्गठित पार्ने काम गर्दै आइरहेको बताउनुभयो ।

सहकारीमा ठगिएकाहरूको रकम फिर्ता र धनको सुरक्षा गर्नुपर्ने दायित्वबाट सरकार चुक्दा लाखौँ सर्वसाधारणले आफूले बचत गरेको रूपैयाँ जोखिममा परेको बताउँदै उहाँले समुदायमा आधारित सहकारी संस्थाले पैसा लेनदेनमा मात्र सीमित नरही गरिब जनताको सहयोगीको रूपमा काम गर्नुपर्ने बताउनुभयो ।

कति सहकारीहरू सञ्चालकहरूको बदनियतकै कारणले डुबेको प्रस्ट पार्दै उहाँले भक्तपुरका सहकारी संस्थाहरूले सामाजिक गतिविधि सञ्चालनका साथै स्वास्थ्य, ज्येष्ठ नागरिक लक्षित आदर निकेतन सञ्चालन, गरिबलाई छात्रवृत्ति, पुस्तक प्रकाशन, तालिम आदि सञ्चालन गरी सदस्यहरूको हितमा काम गर्नु आफैँमा स्वागतयोग्य कदम भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहकारी संस्थाले बैङ्क तथा वित्तीय संस्थाले जस्तै काम गर्न नहुने बताउँदै समुदायको हित र सिङ्गो समाज उत्थानमा सहकारीको अहम् भूमिका हुनुपर्ने बताउनुभयो ।

उहाँले अधिकांश सहकारी संस्थाहरूले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुभन्दा पनि घरजग्गाहरूमा लगानी गरेको पाइएको बताउँदै भक्तपुर नपाले जनताको बचत रकम सुरक्षित गर्ने विषयमा संवेदनशील भएर काम गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाले सङ्कटको समयमा सहकारी संस्थाहरूसँग समन्वय गरी काम गर्दै आएको बताउँदै उहाँले सहकारीले बालबालिका र ज्येष्ठ नागरिकलाई लक्षित गरी गतिविधिहरू सञ्चालनमा जोड दिनुपर्ने बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले गरिब जनताको आशा र भरोसाको केन्द्रको रूपमा रहेका सहकारी संस्था आफैँमा सङ्कटग्रस्त हुँदा सहकारीप्रति जनताको विश्वास हट्दै गएको बताउनुभयो ।


समाजलाई बौद्धिकरूपमा माथि उठाउन साहित्यिक गतिविधिहरूलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले राजनीतिक र आर्थिक क्षेत्रमा आएको सङ्कटका कारण देशलाई अपूरणीय क्षति पुगेको बताउनुभयो ।

सहकारी ठगी आरोपितहरूलाई उच्च ओहोदामा पुऱ्याउने राजनीतिक परिदृश्यले देशलाई झन् सङ्कटमा धकेलेको बताउँदै उहाँले सहकारीहरूले इमानदार र पारदर्शी ढङ्गले समाज उत्थानमा काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले सहकारी संस्थाले जनताको अभिभावकत्व ग्रहण गरी गरिब जनताको साथीको रूपमा काम गर्नुपर्ने बताउँदै सहकारी संस्था स्थापनाको ६ दशक पार

***बाँकी पृष्ठ ८ मा***

## चीन र इन्डियाबिच तिक्तता पैदा गर्नु अमेरिकी सरकारको स्वार्थ



काठमाडौँ, २० चैत । केही राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा संसद् र सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

नेपाल सरकारले इन्डिया र चीनलाई समानरूपमा व्यवहार गर्ने भन्दै आएको हो । नेपालका दुई छिमेकी देश चीन-इन्डियाको सीमाको हालको समग्र स्थितिबारे केही उल्लेख गर्न चाहन्छु :-

अहिले दुवै पक्षले सीमाको अवस्थाबारे एक अर्काको चासोलाई सम्बोधन गर्न कूटनीतिक र सैन्य सञ्चार कायम गरिरहेको अवस्था छ । यो घडीमा चीन र इन्डिया दुवैले सीमामा द्वन्द्व भएको हेर्न चाहँदैनन् । सीमा क्षेत्रमा शान्ति र स्थायित्व चीन-इन्डियाका जनताको साझा आकाङ्क्षा हो । यो नेपालको पनि आकाङ्क्षा हो । तर, केही दिनअगाडि अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले बेलायती म्याकमाहोन रेखाअनुसारको तथाकथित 'अरुणाञ्चल प्रदेश' (चीनको जाङनान क्षेत्र) लाई भारतीय क्षेत्रको रूपमा मान्यता दिएको दाबी गऱ्यो । सतहमा हेर्दा यसले भारतलाई सहयोग गरेको देखिन्छ । तर, यथार्थमा यसले भारतलाई लोभ्याउने विष दिएको छ । 'अरुणाञ्चल प्रदेश' चीन-इन्डिया सीमाको पूर्वी भागमा विवादको मूल कारण हो । बाहिरीहरूको उक्साहटमा केही माध्यमबाट इन्डियाले केही फाइदा उठाउन सकिन्छ भन्ने सोच्यो भने सबैभन्दा बढी नोक्सान इन्डियालाई हुनेछ ।

चीनले चीन-इन्डिया सम्बन्ध दुवै देशका जनताको साझा हितमा रहेको तर्फ बारम्बार जोड दिएको छ । संयुक्त राज्य अमेरिकाले यो विषाक्त पेय प्रस्ताव गरेको छ । नयाँ दिल्लीले चीनको वचनबद्धतालाई ध्यान दिनु जरुरी छ । संयुक्त राज्य अमेरिकाले चीनमा गरेको लगानीबाट ठुलै नाफा कमाएको पनि छ । चीनले विश्वासको आधारमा ठुलो रकम बराबरको सामग्री उधारोमा अमेरिका पठाएको छ । अमेरिकी सरकारको ऋणपत्र (बोन्ड) किनेर चीनले सहयोग गरिरहेको छ । दुईपक्षीय व्यापार युद्धको मार अमेरिकी जनतालाई नै बढी पर्ने निश्चित छ । दक्षिण चीन सागरमा संयुक्त राज्य अमेरिकाले आफ्नो शक्ति प्रदर्शन गरेर यो क्षेत्रका देशहरूमाथि सुरक्षाको खतरा पनि देखाउँदै छ ।

संरा अमेरिकाले इन्डियालाई एसियाको हवल्दार बनाउँदै छ । नेपालले यो परिस्थितिलाई अध्ययन गरी परराष्ट्र नीति निर्धारण गर्नु जरुरी छ । जहाँसम्म तटस्थता र असंलग्नताको विषय छ,

***बाँकी पृष्ठ २ मा***

## एसईई परीक्षा र चिटिङ

**कुसुम**

रौतहट, २० चैत । शिक्षा मानिसको लागि आधारभूत आवश्यकताजस्तै हो । शिक्षित व्यक्तिले मात्र उपयुक्त समयमा उपयुक्त काम गर्न सक्छ । व्यक्ति शिक्षित भएको खण्डमा देश र समाजको द्रुतगतिमा विकास हुनसक्छ । पहिले पहिले कुनै देशलाई ध्वस्त पार्नको लागि हातहतियारको आवश्यकता पर्दथ्यो भने आजभोलि कुनै देशलाई ध्वस्त पार्न सबभन्दा पहिला त्यहाँको शिक्षा व्यवस्थामाथि प्रहार गर्ने गर्दछ ।

तराईलगायत दुर्गम ठाउँमा पहिला प्रवेशिका परीक्षा (एसएलसी) हुँदा परीक्षार्थीभन्दा बढी त्यसका सहयोगीहरू धेरै सक्रिय हुन्थे भन्ने कुरा त्यतिबेला पत्रपत्रिकामा समाचारको रूपमा पढ्न पाइन्थ्यो । परीक्षा केन्द्रमा परीक्षार्थीका भएभरका आफन्तहरू पुग्ने गर्थे । उनीहरू सुरक्षाकर्मीहरूसँग झगडा गर्दै आफ्ना परीक्षार्थीहरूलाई चिट चोराउनमा सहयोग गर्थे । पढ्न सक्ने विद्यार्थीहरू पनि चिटको आशमै बसेका हुन्थे । त्यतिबेला प्रविधिको विकास नहुँदा प्रश्न पत्र बाहिर ल्याएर एक जना जानकारहरूले कुनै गोप्य ठाउँमा बसी एकएक गरी प्रश्न पत्रहरूको उत्तर लेख्थे भने अरु सहयोगीहरूले नक्कल गरी आफ्ना परीक्षार्थीहरूलाई पठाउने गर्थे ।

यसपालिको एसईई परीक्षा चैत १५ गतेबाट सुरु भयो । परीक्षार्थीहरूसँग एनड्रोइड मोबाइल नभई नहुने भयो । परीक्षा दिनुअगाडि १५-२० हजारको मोबाइल अनिवार्य व्यवस्थापन गर्नुपर्ने बाध्यता भयो अभिभावकहरूलाई । प्रविधिको विकाससँगै नयाँ नयाँ तरिकाले परीक्षार्थीहरूलाई नक्कल गर्न सिकाउन थाले, देशको भविष्य निर्माणकर्ता उत्पादन गर्ने शिक्षकहरूले ।

पहिले पहिले पनि परीक्षामा चोरी हुने गर्दथ्यो । बाहिरबाट भित्र चिट पुऱ्याउन सहयोगीहरूलाई सकस हुन्थ्यो । परीक्षा सक्नेबित्तिकै कक्षाकोठाहरूबाट बोराका बोरा चिट, किताब र सहयोगी किताबहरू बाहिर ल्याइन्थ्यो । तर, आजभोलि परीक्षा हुने कक्षाकोठाहरूबाट त्यस्ता कागजका टुक्राहरू भेटाइँदैन । आजभोलि विद्यार्थीहरूले नयाँ तरिकाबाट चिट चोर्ने गरेका छन् । मोबाइलमा विभिन्न समूह बनाई शिक्षक अथवा जान्नेहरूले हरेक प्रश्नको उत्तर लेखी मोबाइलबाट फोटो

***बाँकी पृष्ठ ८ मा***

## दूरदर्शी शासकहरूको अभावले देश भताभुङ्ग

काठमाडौँ, २० चैत । विगतदेखि हालसम्म शासकहरूले बहुमत जनताको पक्षमा ऐन कानुन बनाएनन् र काम गरेनन् । यो यथार्थ हो । जनताको विश्वास जित्न नसकेकै कारण कुनै दलले बहुमत प्राप्त गर्न नसकेको हो । परिणामतः देशमा लामो समयदेखि मिलिजुली या संयुक्त सरकार बनिरहेको हो । भागबन्डाको आधारमा संयुक्त सरकार बनेको हुँदा गठबन्धन सरकार पनि लामो समयसम्म टिक्न सकेन र छिनछिनमा सरकार हेरफेर भइरहेको हो । सरकार गठन गर्दा या गठबन्धनको सरकार बन्दा पूर्ण कार्यकाल चल्ने उद्घोष हुन्छ । तर, सरकारको नेतृत्व या मन्त्रीको कारण या भागबन्डामा नमिलेपछि या आफूले भनेबमोजिम नभएपछि गठबन्धन दलका नेताहरूबिच विवाद सुरु हुन्छ । विवाद चरमोत्कर्षमा पुगेपछि गठबन्धन हेरफेर हुन्छ । गठबन्धन सरकार अस्थिर हुनुको कारण पनि त्यही हो । सत्ता बाँडफाँटको लागि बन्ने सरकारको राष्ट्रिय चरित्र हुँदैन, देशलाई कहाँ पुऱ्याउने भन्ने मार्ग निर्देश हुँदैन । अनि ती शासक दलका नेताहरू आफ्नो दायित्व भुल्छन्, गैरजिम्मेवार र अनुत्तरदायी बन्छन् । सत्तारुढ दलका नेताहरूमा कहीं कतै ठाकठुक भयो या चित्त बुझेन भने प्रमले आफूसँग भएको बन्दुक पड्काउँछन् र सरकार हेरफेर हुन्छ ।

***बाँकी पृष्ठ ८ मा***

**सूचना सूचना**

भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि., जगाती, भक्तपुरबाट उत्पादन भएको उच्च गुणस्तरीय चाइनिज र बिबिटी मेशिन मेड इँटा २ महिनाको लागि मात्र भारी छुटमा बिक्री भइरहेको छ । यस मौकाको फाइदा उठाई मजबुत घर, भवन र पर्खालको साथै अन्य निर्माण गरी ढुक्क हुनुहोस् ।

**भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि.**
जगाती, भक्तपुर, फोन : ६६१०१९०, ६६१०१९१, ६६१३९६२

# कीर्तिपुरमा सहिद दिवस मनाइयो




कीर्तिपुर, २० चैत । सहिद स्मृति व्यवस्थापन समिति कीर्तिपुरको आयोजनामा चैत २० गते कीर्तिपुरमा सहिद दिवस मनाइयो ।

ऐतिहासिक जनआन्दोलन २०४६ मा शहादत प्राप्त लनबहादुर महर्जन, हिराकाजी महर्जन, राजमान माली र राजेन्द्र महर्जनको सम्झनामा सहिद दिवस मनाइएको हो ।

कार्यक्रममा व्यवस्थापन समितिका अध्यक्ष एवं नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले सहिदको बलिदान र घाइते योद्धाहरूको योगदानस्वरुप प्राप्त प्रजातन्त्र पुन:स्थापनादेखि गणतन्त्रसम्म पनि सहिदको सपना पूरा नभएको बारे सबैले चिन्तन गर्नुपर्ने बताउनुभयो । उहाँले सहिदको सपना नि:शुल्क शिक्षा, स्वास्थ्योपचार र रोजगारीको बन्दोबस्त सत्तासीन दलले पूरा नगरेको बताउनुभयो ।

उहाँले सहिद दिवसको अवसरमा एक दिनमा सहिदको बलिदानको चिन्तन होइन हरेक दिन चिन्तन मनन हुनुपर्ने बताउनुभयो ।

सांसद राजन केसीले सहिदको बलिदानबाट प्रजातन्त्र प्राप्त भएकोमा सबै आन्दोलनकारी कीर्तिपुरलाई धन्यवाद दिँदै सहिदको आकाङ्क्षाअनुसार जनताको जनजीवन उठाउने काम नभए पनि प्रयास जारी रहेको बताउनुभयो ।

कीर्तिपुर नगरपालिकाका उपमेयर शुभलक्ष्मी शाक्यले हरेक वर्ष सहिदको सम्झनामा कार्यक्रम गर्दै आइरहेकोमा व्यवस्थापन समितिलाई धन्यवाद दिनुभयो ।

समितिका सचिव कृष्णमान डंगोलले सहिदको योगदानबारे चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा सहिदको परिवारजनबाट सहिदको प्रतिमामा माल्यार्पण गरिएको थियो ।

सहिदप्रति १ मिनेट मौनधारण गरी सुरु भएको ¥याली नगर परिक्रमा गर्दै कीर्तिपुर, पाँगा नगाउँमा पुगी समापन भएको थियो ।

समापन कार्यक्रममा समितिका अध्यक्ष नारायण महर्जनले सहभागी सबैलाई धन्यवाद दिनुभएको थियो ।

# विपद्मा खोज र उद्धारका लागि दस्ता तयार

भक्तपुर, २० चैत । बाढीपहिरो होस् वा आगलागी, भूकम्प होस् वा दुर्घटना जस्तोसुकै विपद्मा पनि तालिम प्राप्त खोज, उद्धार, घाइतेको ओसारपसार तथा प्राथमिक उपचार टोली नहुँदा कैयौँले अकालमा ज्यान गुमाउनुपर्ने हुन्छ । अचानक आउने त्यस्ता विपद्का घट्नामा तत्कालै खोज, उद्धार तथा प्राथमिक उपचार टोली परिचालन हुँदा कैयौं पीडितलाई अकालमा ज्यान जानबाट बचाउन सकिन्छ ।

यसैलाई मध्यनजर गर्दै चाँगुनारायण नगरपालिकाले नगरभित्र हुनसक्ने विपदमा तत्कालै तालिम प्राप्त दक्षजनशक्ति घट्नास्थल पुगेर खोज, उद्धार तथा प्राथमिक उपचार दिनसक्ने गरी ३० जना महिलासहित ८१ जनाको खोज, उद्धार, घाइतेको ओसारपसार तथा प्राथमिक उपचार गर्ने दक्ष स्वयंसेवक उद्धारकर्ताको दस्ता तयार पारेको छ ।

जुनसुकै बेलामा आइपर्ने जस्तोसुकै विपद्मा पनि खोज तथा उद्धार गर्ने र विपद प्रतिकार्यका लागि आवश्यक तालिमप्राप्त जनशक्ति तयार पार्ने उद्देश्यले उनीहरूलाई १० दिने तालिम प्रदान गरिएको नगर प्रमुख जीवन खत्रीले जानकारी दिनुभयो ।

नगरपालिकाले प्रत्येक वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरेको थियो । सोही अनुसार प्रतिकार्यका लागि विभिन्न तीन समूह एवं चरणमा तालिम प्राप्त उद्धारकर्तालाई निर्देशनसमेत दिइएको छ ।

अहिले तालिम लिएकामध्येबाटै छनोट गरी कम्तीमा २५ जनालाई सशस्त्र प्रहरीबलसँगको सहकार्यमा अग्रवर्ती प्रशिक्षणमा सहभागी गराई थप दक्ष बनाइने नगर प्रमुख खत्रीले बताउनुभयो । विपद्मा खटिने स्वयंसेवकका लागि नगरपालिकाले न्यूनतम सुविधा उपलब्ध गराउने र नि:शुल्क बीमा गराइने छ ।

चाँगुनारायण नगरपालिका वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक सोमप्रसाद प्रधानले आगामी दिनमा थप प्रशिक्षण सञ्चालन गरी प्रत्येक टोलमा उद्धारकर्ता तयार गरिने जानकारी दिँदै अहिले आगलागी तथा वन डढेलोका घटना रोक्न तालिम प्राप्त जनशक्ति अग्रसर हुनुपर्ने बताउनुभयो ।

नगरपालिकाले दस्तालाई १० दिने तालिममा विपद् व्यवस्थापनका क्षेत्रमा गरेका प्रगति र प्रयास, खोज तथा उद्धारको परिचय, खतराको प्रकार र यसका विशेषता, खोज तथा उद्धारको संरचना र टोली निर्माण, खोज तथा उद्धारका उपकरण सुरक्षित र सुरक्षाबारे जानकारी दिइएको थियो ।

साथै घटना आदेश प्रणाली, आधारभूत खोजविधि, सञ्चार, समन्वय र प्रतिवेदन, आगोजन्य आपत्काल, उद्धारमा डोरीको प्रयोग अभ्यास, बाढीपहिरो र भूकम्पको अवस्थामा बाहिर निकाल्ने तरिका अभ्यास पनि गराइएको थयो । तालिममा, प्राथमिक उपचार परिचय, उद्देश्य र सिद्धान्त, प्राथमिक उपचारका चार चरण, श्वासप्रश्वास समस्या (सीपीआर), रक्तस्रावको प्राथमिक उपचार, भुइँचालो जाँदा गर्नुपर्ने उद्धार र प्राथमिक उपचार, घाइतेको ओसारपसारजस्ता विषयमा सैद्धान्तिक र प्रयोगात्मक अभ्यास गराइएको संयोजक एवं नगरपालिकाका विपद् विज्ञ दिनेश थापाले जानकारी दिनुभयो । **रासस**

# प्राधिकरणलाई वायुसेवा निगमको स्पष्टीकरण

काठमाडौँ, २० चैत । नेपाल वायुसेवा निगमले नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई स्पष्टीकरण बुझाएको छ ।

नेपालको हवाई उड्डयनसम्बन्धी नियामक निकाय प्राधिकरणले नेपाल वायुसेवा निगमलाई हवाई सुरक्षामा गम्भीर लापरवाही गरेको भन्दै लिखित स्पष्टीकरण सोधेर त्यसको जवाफ मागेको थियो ।

जवाफमा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले स्पष्टीकरणसहितको पत्र बुझाउनुभएको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का प्रवक्ता एवं उपमहानिर्देक जगन्नाथ निरौलाले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "प्राधिकरणले हवाई सुरक्षाका विषयमा प्रश्न उठाई सात दिनभित्र बुझाउने गरी स्पष्टीकरण सोधेको थियो, वायुसेवा निगमले त्यस विषयलाई स्पष्ट गरेर स्पष्टीकरणसहितको पत्र बुझाएको छ ।"

प्रवक्ता निरौलाले उक्त स्पष्टीकरण अध्ययनकै क्रममा रहेको पनि जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "वायु सेवा निगमका तर्फबाट स्पष्टीकरण आएको छ र अब त्यसलाई प्राधिकरणले अध्ययन गर्नेछ ।"

प्राधिकरणले नेपाल वायुसेवा निगमलाई हवाई सुरक्षामा गम्भीर लापरवाही गरेको भन्दै यही चैत १३ गते स्पष्टीकरण सोधेको थियो । **रासस**

# नलगाडका स्वास्थ्यकर्मीले तलब नपाएको गुनासो

काँक्रेविहार (सुर्खेत), २० चैत । जाजरकोटको नलगाड नगरपालिकाभित्रका १८ वटा स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीले तलब नपाएको गुनासो गरेका छन् । पाँच महिनादेखि स्थायी स्वास्थ्यकर्मी र करारका स्वास्थ्यकर्मीले ६ महिनादेखि तलब नपाएको गुनासो गरेका हुन् ।

तलब नपाउँदा घर खर्च चलाउन नै मुस्किल भएको स्वास्थ्यकर्मीको भनाइ रहेको छ । धेरैपटक तलब माग गरे पनि सुनुवाइ नभएको स्वास्थ्यकर्मी राधिका पुनले जानकारी दिनुभयो । सोमबार भएको अर्धवार्षिक समीक्षामा तलबको विषयमा प्रमुख प्रशासकीय अधिकृत दिनेश भट्टराई र नगरप्रमुख डम्बर रावतले सम्बोधन नगरेको उहाँले सुनाउनुभयो ।

नलगाडको विकास बजेट २० प्रतिशत पनि खर्च नभएको पाइएको छ । प्रमुख प्रशासकीय अधिकृत भट्टराई र अन्य कर्मचारीबिच तालमेल नमिल्दा बजेट खर्चदेखि सेवा प्रवाहमा असर परेको छ । नगरप्रमुख रावत र प्रमुख प्रशासकीय अधिकृत भट्टराईको बिचमा काम गर्ने विषयमा तालमेल नमिल्दा सबै काम ठप्प भएको नगरप्रमुखको सचिवालयले जानकारी दिएको छ । प्रमुख प्रशासकीय अधिकृतले भनेको केही नगरी आफ्नै तरिकाले चल्न खोज्दा समस्या भएको सचिवालयले जनाएको छ ।

जुम्लाको गुठीचौर गाउँपालिकाबाट दुई महिनामै फिर्ता पठाएका भट्टराई नलगाडमा सोही व्यवहार दोहो¥याउन थालेको सचिवालयको भनाइ छ । पत्र काटेर फिर्ता पठाइदिन अधिकृत भट्टराईले नगरप्रमुख रावतलाई धम्की दिने गरेका छन् । अधिकृत भट्टराईको दबाबका कारण प्राविधिक शाखाका इन्जिनियर उमेश खड्काले जागिरबाट राजीनामा दिई काठमाडौँ जानुभएको थियो । नगरप्रमुखले सम्झाईबुझाई गरेर प्रमुख प्रशासकीय अधिकृतलाई काममा लगाउनुभएको सचिवालयले जनाएको छ । **रासस**

# आयरल्यान्डविरुद्ध रोमाञ्चक खेलमा नेपालको ३ रनले जित

**दिपेन मानन्धर**

काठमाडौँ, २० चैत । टी–२० को तेस्रो तथा अन्तिम खेलमा नेपालले ३ रनले जित हासिल गरेको छ ।

पहिले ब्याटिङ गरेको नेपाल 'ए' ले आयरल्यान्डलाई २१४ रनको लक्ष्य दिएको थियो । तर, आयरल्यान्डले ७ विकेटको क्षतिमा २१० रनमात्र बनाएर तेस्रो तथा अन्तिम खेलमा पराजित भयो ।

पाहुना टोलीको लागि गारेथ डेलानीले सार्वधिक ६८ रन बनाए । उनले यसका लागि ३७ बलको सामना गरेर ५ छक्का र ५ चौका प्रहार गरे । पाहुना टोलीको लागि मोर्गन टपिङले ६० रन, रस राडेयरले ३१ रन र फियोन हान्डले २२ रन बनाए ।

ब्याट्सम्यान जेम्स ७ बलमा ९ छक्का हान्दै ६ रन बनाएर आउट भए । उनलाई विपिन खत्रीको बलमा देव खनालले क्याच गरेर आउट गरे ।

यही ओभरको पाँचौं बलमा ३१ रन बनाएका अर्का ओपनर रस अडेयर पनि आउट भए । १४ बलमा १ छक्का र ५ चौका हानेका उनलाई पनि विपिनले पवन सराफको हातबाट क्याच आउट गरे । यतिबेल आयरल्यान्ड 'ए' को ४९ रन थियो ।

क्याप्टेन बिल एक आउट हुँदा पाहुना टोलीको चौथो विकेट खसेको थियो । ८ बलमा २ रन बनाएका उनलाई नारायण जोशीको बलमा आउट गरियो ।

६८ रन बनाएका डेलानी आउट हुँदा पाहुना टोलीको छैटौं विकेट खस्यो । १९ औं ओभरमा कुल स्कोर ५ विकेटमा १८३ रन हुँदा उनलाई कमलसिंह ऐरीले एलविडब्ल्युको धरापमा पारे ।

यसपछि फियोन हान्डले ७ बलमा २२ रन बनाए । उनले आफ्नो पालिमा १ छक्का र २ चौका प्रहार गरे । उनी रनआउट हुँदा पाहुना टोलीको विकेट ढलेको थियो ।

यसरी नेपालले ३ रनले जित हासिल पारेको छ ।

**प्रशिक्षार्थी**

# नेपालको अर्थतन्त्र सुधारोन्मुख

काठमाडौं, २० चैत । विश्व बैङ्कले नेपालको अर्थतन्त्र सुधारोन्मुख रहेको जनाउँदै चालू आर्थिक वर्षमा तीन दशमलव तीन प्रतिशत आर्थिक वृद्धिदर कायम रहने प्रक्षेपण गरेको छ ।

पाँच महिनाअघि बैङ्कले यो वृद्धि तीन दशमलव नौ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरेको थियो । बैङ्कले मङ्गलबार आफ्नो अर्धवार्षिक आर्थिक परिदृश्य सार्वजनिक गर्दै आगामी आवमा देशको आर्थिक वृद्धि चार दशमलव ६ प्रतिशत हुने प्रक्षेपण पनि गरेको छ ।

पर्यटन सेवा र औद्योगिक क्षेत्रको योगदानसहित ऊर्जा र विप्रेषणको क्षेत्रमा भएको सुधारलाई आधार मानेर बैङ्कले उक्त प्रक्षेपण गरेको हो । आर्थिक परिदृश्य सार्वजनिक गर्दै मालदिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैङ्कका देशीय निर्देशक फरिस हदाद जर्भोशले पुँजीगत खर्च विस्तार, व्यावसायिक मनोबल वृद्धि र नेपालको अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता वृद्धि र गरिबी घटाउन भएका प्रयास सराहनीय रहेका बताउनुभयो ।

***चीन...***

रणबहादुर शाहको पालामा नेपाल चीनतिर ढल्केको थियो भने सुगौली सन्धिपछि अङ्ग्रेजको पुच्छरजस्तै भयो र तिब्बतमा हमला ग¥यो । सरकारहरू अहिले भारतको पुच्छरजस्तै भएको जनगुनासो छ । यो विषयलाई अध्ययन गरेर सरकारले परराष्ट्र नीति निर्धारण गर्नु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत २० गते प्रतिनिधिसभा बैठकको विशेष समयमा राख्नुभएको मन्तव्यको सार–सं)*

**सांसद सुवालको वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुडीलाई प्रश्न**

**काठमाडौं उपत्यकामा राति चलाइने टिपर गाडीको धुवाँ दिनभरि सञ्चालन हुने गाडीको धुवाँभन्दा तीन दोब्बर भएको र टिपर गाडीको धुवाँ परीक्षण मेसिन नेपाल सरकारसँग नभएको बारे मन्त्रीजीको के भनाइ छ ?**

मन्त्रीको जवाफ : माननीयज्यूले उठाउनुभएको विषय सम्पूर्ण उपत्यकावासीको निम्ति ज्यादै महत्त्वपूर्ण र सान्दर्भिक रहेको छ । काठमाडौं उपत्यकामा चल्ने सबै किसिमका सवारी साधनहरूले प्रदूषण जाँच गराई तोकिएको मापदण्डभित्र रही हरियो स्टिकर लिनुपर्ने व्यवस्था छ ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत वातावरण विभागले ट्राफिक प्रहरीसँगको समन्वयमा बेलाबेलामा सवारी साधनको छड्के परीक्षण गर्ने गरेको छ । विभागसँग सवारी साधनबाट उत्सर्जन हुने धुवाँ मापन गर्ने उपकरणहरूको सम्बन्धमा हाम्रो विभागमा त्यो उपकरण छ ।

**पुरक प्रश्न**

**प्रदूषण वातावरणसँग सम्बन्धित छ । स्वच्छ वातावरण कायम गर्ने मन्त्रीको विभागमा पर्छ । काठमाडौँ उपत्यकामा बसाईंसराइ बढेको हुँदा यहाँको प्रदूषण जनताको लागि दिनको दुई बट्टा चुरोट खाए बराबर भएको र एक खिल्ली चुरोटले मान्छेको ११ मिनेटको आयु घटाउने विज्ञहरूको मत छ । काठमाडौँमा भएको बसाईंसराइ नियन्त्रण गर्न वातावरण मन्त्रालयले देशको सन्तुलित विकास गर्ने योजना बनाएको छ कि छैन ?**

जवाफ

राम्रो प्रश्न गर्नुभयो, वातावरणबारे सम्पूर्ण देशको लागि कार्यक्रम चलिरहेको छ ।

**विमस्टेक बडापत्र : भारतीय शासक वर्गको स्वार्थ**

विमस्टेक बडापत्रमा आतङ्कवादलाई निर्मूल गर्ने लेखिएको छ । हाम्रो शब्दकोशअनुसार थोरै मानिसहरूको समूहले हतियारसहित योजनाबद्ध गरी क्षति पु¥याउने आतङ्कवादी हमला हो । तर, उपनिवेशकालको आतङ्कवाद फरक छ । ल्याटिन अमेरिका, अफ्रिका, एसियामा साम्राज्यवादी देशहरूले उपनिवेश बनाउँदा उपनिवेशवादी देशका जनताले स्वाधीनताको निम्ति गरेको प्रत्याक्रमणलाई साम्राज्यवादी देशहरूले 'आतङ्कवादी' आरोप लगाई दबाएका थिए । यो बडापत्रको 'आतङ्क' बाट गरिब देशलाई दबाउने नै हो ।

युरोपेली सङ्घका देशहरूको क्षेत्रफल, जनसङ्ख्या, आर्थिकस्तर उस्तै उस्तै छन् । विमस्टेक र सार्कमा यस्तो अवस्था छैन । सार्कमा चीनलाई सदस्य बनाउनुपर्नेमा पर्यवेक्षकको रूपमा राखियो । विमस्टेकमा पनि भारतको स्वार्थअनुसार मात्र बैठक हुन्छ ।

दक्षिण एसिया र दक्षिण पूर्वीएसियामा अफगानिस्तान, पाकिस्तान, म्यानमार पनि पर्छ । म्यानमारको अक्षांशमा चीन पनि पर्दछ । तर, विमस्टेकमा पनि चारओटै देशलाई राखिएको छैन । क्षेत्रीय सन्तुलनको लागि राख्नु जरुरी छ । यो बडापत्र प्रायोजित ढङ्गले ल्याइएको हो । नेपालले हस्ताक्षर गर्नु अगाडि सबै अध्ययन गर्नुपर्ने हो ।

विमस्टेकको एउटा उद्देश्य रोजगारी सिर्जना गर्ने लेखिएको छ । तर, गोरखा भर्ती खारेज उल्लेख छैन । यो बडापत्र हाम्रा युवालाई सस्तो ज्यामी बनाउने हो ।

बडापत्रमा गरिबी उन्मूलनको विषय पनि लेखिएको छ । गरिबी उन्मूलनको उपाय त सामाजिकीकरण हो । बडापत्रमा विमस्टेकका देशहरूमा सामाजिकीकरणको उपायबाट गरिबी उन्मूलन गर्ने विषय किन लेखिएन ? बडापत्रमा धेरै भूट लेखिएको छ । भूटलाई अनुमोदन गर्नु हुँदैन ।

यो बडापत्र इन्डियाको भूरणनीतिक र आर्थिक स्वार्थसँग जोडिएको छ । चीनविरुद्ध अमेरिकी सरकारको नीतिकै अङ्गको रूपमा यो अवधारणा ल्याइएको हो । यसकारण, समर्थन गर्नु हुँदैन ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत २० गते प्रतिनिधिसभाको बैठकमा विमस्टेक बडापत्रको छलफलमा राख्नुभएको मन्तव्य । उहाँले विमस्टेक बडापत्रको विपक्षमा मत दिनुभयो –सं)*

# शिक्षक, कर्मचारी र जनप्रतिनिधिका छोराछोरी सामुदायिक विद्यालयमा पढाउनुपर्ने

खोटाङ, २० चैत । खोटेहाङ गाउँपालिकाले आगामी शैक्षिकसत्र २०८१ देखि शिक्षक, कर्मचारी र जनप्रतिनिधिका छोराछोरीलाई अनिवार्यरूपमा सामुदायिक विद्यालयमा भर्ना गर्न गाउँपालिकावासीलाई आह्वान गरेको छ ।

पछिल्लो समय जिल्लाभर सामुदायिक विद्यालयहरू विद्यार्थी अभावमा रित्तिँदै गएको अवस्थामा सो गाउँपालिकाले नयाँ विद्यार्थी भर्नासम्बन्धी सूचना प्रकाशन गर्दै शिक्षक, कर्मचारी र जनप्रतिनिधिकालाई आ–आफ्ना छोराछोरीलाई अनिवार्यरूपमा सामुदायिक विद्यालयमा भर्ना गरेर पढाउन आह्वान गरेको हो ।

सामुदायिक विद्यालयप्रतिको घट्दो आकर्षणलाई उकास्न आफ्ना छोराछोरीलाई आफ्नो पायक पर्ने सामुदायिक विद्यालयमा भर्ना गरेर अध्ययन गराउन अनुरोध गरिएको गाउँपालिका प्रमुख उदिमबहादुर राई 'मुक्ति' ले जानकारी दिनुभएको छ ।

उहाँले भन्नुभयो, "गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम एवं चैत ८ को गाउँ कार्यपालिका बैठकको निर्णयअनुसार सामुदायिक विद्यालयमा भर्ना गर्न आह्वान गरिएको छ । सो सूचनाको बेवास्ता गर्दै उहाँहरू सबैले निजी विद्यालयमा भर्ना गरे उहाँहरूले पाउने तलब, भत्तालगायत सेवा सुविधा रोक्का गर्छौं ।"

गाउँपालिकाले लागू गरेको यस व्यवस्थाले शिक्षक, कर्मचारी र जनप्रतिनिधिलाई आफ्ना छोराछोरी बोर्डिङ स्कूलमा पढाउन रोक लगाएको छ । सामुदायिक विद्यालयको गुणस्तर सुधारका निम्ति गाउँपालिकाले अवलम्बन गरेको नीतिलाई सहयोग गर्न सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, शिक्षाप्रेमीलगायत सरोकारवालासँग सार्वजनिक सूचनामार्फत अपिल गरेको छ ।

नौ वडा रहेको खोटेहाङ गाउँपालिकामा ४९ सामुदायिक र दुई संस्थागत विद्यालय सञ्चालनमा छन् । दुईवटा क्याम्पस, ११ वटा माविं र ३७ आधारभूत विद्यालय सञ्चालनमा रहेका र ती शिक्षण संस्थामा चार हजार ५५ जना विद्यार्थी रहेको गाउँपालिकाका शिक्षा शाखाप्रमुख राजकुमार खड्काले जानकारी दिनुभयो ।

उता जिल्लाको सबैभन्दा ठुलो (पन्ध्रवटा वडा रहेको) दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले भने सामुदायिक विद्यालयको शैक्षिकस्तर सुधार गर्न कार्यदल गठन गरेर काम गरिरहेको छ । दोस्रो ठुलो स्थानीय तह हलेसी तुवाचुङ नगरपालिकाले सबै सामुदायिक विद्यालयको वार्षिक परीक्षा नगरपालिकाले लिने गरेको छ ।

केपिलासगढी गाउँपालिकाले कक्षा ५ सम्मका विद्यार्थीलाई गाउँपालिकाका तर्फबाट निःशुल्क अभ्यास पुस्तिका उपलब्ध गराएर गृहकार्य परीक्षण सुरु गरेको छ । यस विषयमा जिल्लाका अन्य स्थानीय तहले भने कुनै नयाँ नीति लिएका छैनन् । ***रासस***



**उखु रोप्दै**
कपिलवस्तुको कृष्णनगर नगरपालिकाको लोहरौला गाउँका किसान उखु रोप्दै । *तस्बिरः सनिउल्ला धोबी/रासस*

# बङ्गलादेशसँग दस वर्षदेखि लगातार व्यापार घाटा

झापा, २० चैतः नेपालले एक दशकयता बङ्गलादेशसँगको व्यापारमा लगातार घाटा बेहोरिरहेको छ । आर्थिक वर्ष २०८०/८१ को चालु आठ महिनामै रु. दुई अर्ब ४३ करोड आठ लाख ९० हजार व्यापार घाटा रहेको मेची भन्सार कार्यालयले जनाएको छ ।

नेपाल र बङ्गलादेशबिच व्यापारका लागि सबैभन्दा छोटो र सहज मार्गका रूपमा पूर्वीनाका काँकरभिट्टाबाट भारतको फूलबारी हुँदै बङ्गलादेशको बङ्गलाबन्ध सुख्खा बन्दरगाह छिचोल्ने ५२ किलोमिटरको पारवहनमार्ग प्रयोग हुँदै आएको छ । नेपाल, भारत र बङ्गलादेशबिचको त्रिदेशीय समझदारीअनुसार भूपरिवेष्ठित मुलुक भएकाले नेपालले यो सोझो पारवहनमार्ग पाएको हो । त्रिभुवन विमानस्थलको हवाई मार्गमार्फत हुने व्यापारको अंश निकै कम छ ।

मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीका अनुसार आर्थिक वर्ष २०७१/७२ यता नेपालले बङ्गलादेशसँगको व्यापार कुनै पनि वर्ष सन्तुलनमा ल्याउन सकेको छैन ।

चालु आवको आठ महिनामा बङ्गलादेशबाट रु. दुई अर्ब ५९ करोड ६५ लाख ३१ हजार मूल्य बराबरको मालसामान आयात भएको मेची भन्सार कार्यालयले जनाएको छ । सोही अवधिमा बङ्गलादेशतर्फ रु. १६ करोड ५६ लाख ४२ हजार मूल्य बराबरको सामान निर्यात भएको छ ।

बङ्गलादेशसँग आ.व. २०७९/८० मा रु. पाँच अर्ब १८ करोड नौ लाख १३ हजार, आ.व. २०७८/७९ मा रु. १० अर्ब ३८ करोड ३० लाख ३५ हजार, आ.व. २०७७/७८ मा रु. ६ अर्ब ५४ करोड ७४ लाख एक हजार, आ.व. २०७६/७७ मा रु. चार अर्ब २४ लाख आठ हजार, आ.व. २०७५/७६ मा रु. दुई अर्ब ४४ करोड ५० लाख ३७ हजार र आ.व. २०७४/७५ मा रु. ४५ करोड ५५ लाख ६५ हजार व्यापार घाटा भएको भन्सारको तथ्याङ्क छ ।

यसैगरी, आ.व. २०७३/७४ मा रु. दुई अर्ब ८६ करोड ८९ लाख ८१ हजार र आ.व. २०७१/७२ मा रु. एक अर्ब ४० करोड ९७ लाख १३ हजार व्यापार घाटा भएको छ । त्यसअघिका चार वर्ष बङ्गलादेशसँगको व्यापारमा नाफामा रहेको देखिन्छ ।

आ.व. २०७०/७१ मा आयातको तुलनामा रु. ६० करोड ७७ लाख १२ हजार मूल्य बराबरको सामान बङ्गलादेश निर्यात भएको थियो । उक्त आवमा बङ्गलादेशबाट रु. एक अर्ब ४८ करोड ९० लाख ४२ हजार मूल्य बराबरको मालसमान आयात भएको थियो भने नेपालबाट रु. दुई अर्ब नौ करोड ६७ लाख ५४ हजार मूल्य बराबरको सामान बङ्गलादेश निर्यात भएको थियो ।

यसैगरी, आ.व. २०६९/७० मा रु. ५८ करोठ २७ लाख ४९ हजार, आ.व. २०६८/६९ मा रु. एक अर्ब १४ करोड ९० लाख ११ हजार र आ.व. २०६७/६८ मा रु. दुई अर्ब ३९ करोड ६९ लाख ११ हजार व्यापार नाफा भएको मेची भन्सार कार्यालयले जनाएको छ ।

मेची उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष कपिल क्षेत्रीले बङ्गलादेशमा नेपाली उत्पादन निर्यात गर्ने विषयमा सरकारले चासो बढाउनुपर्ने धारणा राख्नुभयो । चार वर्षदेखि पूर्वीनाका (स्थलमार्ग) बाट बङ्गलादेशी पर्यटक आगमनमा भारतीय पक्षको नीतिगत अवरोध भइरहेको जनाउँदै उहाँले पर्यटक आगमनको वातावरण बनाउन सके व्यापारमासमेत चलहपहल बढ्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "कोभिडदेखि काँकरभिट्ठाबाट बङ्गलादेशी पर्यटक आउन ठप्प भइरहेको छ । नेपाली अलैंची, अदुवा, इस्कुस, किवीजस्ता कृषि उपजको बङ्गलादेशमा ठुलो माग छ । निर्यात कसरी गर्ने भन्ने बारेमा नेपाली पक्षले छलफल नै चलाएको छैन ।" ***रासस***

# लागत घटाउन किसानलाई कृषि औजार वितरण

म्याग्दी (बेनी), २० चैत । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै लागत घटाउन कृषि औजार वितरण गर्न थालेको छ । परम्परागत खेती प्रणालीमा लागत बढी लाग्ने र किसानलाई लाभ नहुने भएपछि गाउँपालिकाले किसानलाई मागमा आधारित कृषि औजार तथा उपकरण वितरण गर्न थालेको हो ।

गाउँपालिकाले आठ किसानलाई मिनिटेलर हलो, एक जनालाई कोदो चुट्ने मिल, चार जनालाई पिस्ने मिल गरी १३ जनालाई कृषि उपकरण वितरण गरिएको कृषि शाखाका प्राविधिक सहायक हेमन्तबहादुर शाहीले जानकारी दिनुभयो । कृषि पेसालाई आधुनिकीरण गरी उत्पादन बढाउन रैथाने बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत उपकरण सहयोग गरिएको उहाँले बताउनुभयो ।

गाउँपालिकाको केन्द्र पोखरेबगरमा एक कार्यक्रमबिच गाउँपालिकाका उपाध्यक्ष दिवाकुमारी तिलिजा पुन, प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदी लगायतले किसानलाई औजार र उपकरण वितरण गर्नुभएको हो । कृषिलाई आधुनिकीकरण गर्दै किसानको लागत घटाउन कृषि उपकरण वितरण गरिएको गाउँपालिका उपाध्यक्ष पुनले बताउनुभयो ।

गाउँपालिकाले रैथाने बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानसँगको लागत सझेदारीमा रु. ६ लाख ३५ हजार बराबरका उपकरण हस्तान्तरण गरेको जनाएको छ । गाउँपालिकाले यसअघि ७५ प्रतिशत लागत साझेदारीमा गाउँपालिकाको रु. चार लाख ५० हजार र साझेदारीमा किसानबाट रु. एक लाख गरी कूल रु. पाँच लाख ५० हजारको बजेटबाट मागअनुरूप कृषि यान्त्रीकरण सामग्री वितरण गरेको थियो ।

उक्त कार्यक्रममा पाँच मिनिटेलर, पाँच फलफूलको हाँगा काँटछाँट गर्ने सिकेचर, पाँच आरी, नौ भ्याङ र दुई तौल मेसिन वितरण गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवेदीले जानकारी दिनुभयो । कृषि उपकरणले उत्पादन लागत घटेर उत्पादकत्व बढ्ने तथा स्थानीय रैथाने बाली उत्पादन र संरक्षण गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन योगदान पुग्ने उहाँले बताउनुभयो ।

चालू आर्थिक वर्षमा पालिकाले किसान लक्षित विभिन्न कार्यक्रम सञ्चालनका लागि करिब रु. डेढ करोड बराबरको बजेट विनियोजन गरेको जनाएको छ । परम्परागतरूपमा गोरुले खेतबारी जोत्नुपर्दा झन्झट हुने र लागत बढी लाग्ने गरेको सन्दर्भमा कृषि औजार उपकरणले राहत मिलेको अन्नपूर्ण–८ काफलडाँडाका सुकबहादुर चोचाङ्गीले बताउनुभयो ।

"गाउँमा गोरु पाल्ने चलन हराएर जान थालेको छ, गोरुले खेतबारी जोत्दा खर्च पनि बढी लाग्ने, मिनिटेलरले छोटो अवधिमै धेरै जोत्न सकिन्छ, काम गर्ने मान्छे पाउन मुस्किल पर्ने गरेको समयमा यसले किसानलाई राहत दिने आशा गरेका छौं," उहाँले भन्नुभयो ।

पछिल्लो समय जिल्लामा कृषि पेसामा आधुनिकीकरण बढेको छ । कृषि औजार र उपकरणका कारण खेतीमा लागत घटेर किसानलाई लाभ हुन थालेको छ । कृषिमा मेसिन उपकरणको प्रयोग बढ्न थालेपछि स्थानीय तहले कृषिजन्य मेसिन उपकरणको मर्मतसम्भार तालिम सञ्चालन गर्न थालेका छन् । ***रासस***

# पर्यटकीय राजधानी पोखरा भित्रने पर्यटकको तथ्याङ्क नै छैन

गण्डकी, २० चैत । पर्यटकीय राजधानी पोखरा भित्रने विदेशी पर्यटकको सङ्ख्या यकिन हुन सकेको छैन । नेपाल घुम्न आउने पर्यटकमध्ये आधा पर्यटक पोखरा भित्रने आँकलन गरिए पनि वास्तविक तथ्याङ्क कुनै निकायसँग पनि छैन । पर्यटकको विवरण राख्ने संरचना र प्रणाली नहुँदा पोखरा आउने पर्यटकको सङ्ख्या यकिन हुन नसकेको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो ।

उहाँले भन्नुभयो, "बर्सेनि पर्यटकको आवागमन वृद्धि हुँदै आएको छ । तर, हामी पहिलेकै अनुमानका भरमा छौँ । दैनिक, मासिक या वर्षमा कति विदेशी पर्यटक पोखरा प्रवेश गरे भन्ने आधिकारिक तथ्याङ्क अहिलेसम्म कसैले राख्न सकेको छैन ।" पर्यटकको स्पष्ट तथ्याङ्क राख्न सकिएमा पर्यटनसम्बन्धी योजना तथा कार्यक्रम निर्माणमा सहजता हुने उहाँको भनाइ छ ।

यस सम्बन्धमा नेपाल पर्यटन बोर्डलगायत राज्यका निकायसँग पटकपटक माग गर्दा पनि सुनुवाइ नभएको अध्यक्ष श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "पोखरा पर्यटकीय राजधानी घोषणा भइसकेको अवस्थामा अब पर्यटकको तथ्याङ्क सङ्कलनका लागि तुरुन्त आवश्यक व्यवस्था गर्नुपर्छ । विमानस्थल र सडक नाकामा सूचना केन्द्रसहितका पर्यटक डेस्क राख्नुपर्छ ।"

अध्यक्ष श्रेष्ठले गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले पोखरा भित्रने नाकामा पर्यटक डेस्क स्थापनाका लागि चासो लिए पनि कार्यान्वयन हुन नसकेको बताउनुभयो । हवाई यात्राबाट आउने पर्यटक पोखरा अन्तर्राष्ट्रिय विमानस्थल भएर पोखरा भित्रन्छन् । स्थलमार्गबाट भित्रने पर्यटक पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग र मध्यपहाडी लोकमार्ग हुँदै पोखरा आइपुग्छन् । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख नवीन पोखरेलले पर्यटकीय राजधानी आउने पर्यटकको यथार्थ विवरण राख्न नसक्नु कमजोरी रहेको बताउनुभयो ।

बोर्डको पहलमा विमानस्थल र पर्यटक बसपार्कमा पर्यटकको तथ्याङ्क लिन आवश्यक तयारी गरिएको उहाँको भनाइ छ । प्रमुख पोखरेलले भन्नुभयो, "माइक्रोलगायत अन्य निजी सवारीसाधनबाट पर्यटक आइरहेका हुन्छन्, पोखरा जोडिने सडक नाका पनि धेरै छन् । पोखरामा रहेका पर्यटकस्तरीय होटलले सफ्टवेयर प्रणालीमार्फत पर्यटकको विवरण राख्न सकेमा मोटामोटी तथ्याङ्क आउँछ ।"

होटल व्यवसायीलाई दैनिक बास बसेका पर्यटकको विवरण दिन आग्रह गरिए पनि व्यवसायीले उपलब्ध नगराएको उहाँको भनाइ छ । तथ्याङ्क अन्दाज गर्ने विषय नभएको भन्दै उहाँले सम्बद्ध सबै पक्ष यसमा जिम्मेवार र जवाफदेही हुनुपर्ने बताउनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख डा. रबिन कडरियाले 'एक्याप' प्रवेश गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरिएको बताउनुभयो ।

उहाँका अनुसार पोखरा आएकामध्ये झन्डै आधा पर्यटकमात्र 'एक्याप' को भ्रमण गर्छन् । उहाँले भन्नुभयो, "यस क्षेत्रमा सबैभन्दा बढी भारतीय पर्यटकीय आउँछन्, अन्नपूर्ण क्षेत्र पदयात्राका लागि विश्वमै आकर्षक गन्तव्य मानिन्छ । एक्यापले ठाउँठाउँमा चेकपोष्ट र पर्यटक सूचना केन्द्रमार्फत विदेशी पर्यटकको विवरण सङ्कलन गर्छ ।"

पर्यटकीय राजधानी पोखरा भित्रने पर्यटकको सङ्ख्यालाई तथ्याङ्क प्रणालीमा राख्न अब ढिलाइ गर्न नहुने डा. कडरियाले बताउनुभयो । पछिल्लो समय पोखरा आसपासका गन्तव्यमा भारतीय पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि भएको उहाँको भनाइ छ । प्राकृतिक सुन्दरता, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदिले यस क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको डा. कडरियाले बताउनुभयो ।

प्राचीन संस्कृति, कला र सभ्यताका दृष्टिले पनि पोखरा र सिङ्गो गण्डकी प्रदेश अगाडि छ । यहाँका जातीय पर्व, परम्परा र रीतिरिवाजले पनि पर्यटकलाई लोभ्याउने गर्छ । परम्परा झल्काउने गीत, नाच र झाँकी पोखराका सांस्कृतिक धरोहर हुन् । आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, स्तरीय आतिथ्यता र सेवासुविधालाई आधार मानेर पोखरालाई हालै पर्यटकीय राजधानी घोषणा गरिएको थियो । फ्रान्सेली नागरिक मौरिस हर्जगले सन् १९५० मा पहिलोपटक अन्नपूर्ण हिमाल आरोहण गरेसँगै पर्यटनमा बामे सरेको पोखरा अहिले विश्व पर्यटन बजारको 'ब्रान्ड' बनेको छ । ***रासस***

मजदुर
२१ चैत, २०८० (3 Apr, 2024)



। सम्पादकीय ।

# सदनमा नेमकिपाको भूमिका महत्त्वपूर्ण

सरकारले ल्याउने नीति, नियम, निर्णय सबै सही हुन्छ भन्ने होइन । सरकारले ल्याएका गलत नीति, नियम र निर्णयको सत्तासीन दलबाहेकले विरोध गर्नुपर्छ या आलोचना गरेर खबरदारी गर्नुपर्छ । यो खबरदारी गर्ने काम मूलत: प्रमुख विपक्ष दलको हुनुपर्छ । प्रमुख विपक्ष दलको महत्त्वपूर्ण काम सरकारले गलत कार्य नगरोस् भनी खबरदारी गर्नु पनि हो । प्रमुख विपक्ष दलले आफ्नो भूमिका निर्वाह गरेन, खालि सत्तामुखी राजनीति गरिरह्यो भने सरकारले मनपरी गर्न थाल्छ; देश र जनताको हितविपरीतको काम गर्न थाल्छ । संसद्मा प्रमुख विपक्षी दलको भूमिका खासै नदेखिएकोले प्रदेशसभामा होस् या प्रतिनिधिसभामा नेमकिपा नै प्रमुख प्रतिपक्षको रूपमा देखिएको छ । सरकारको कमी कमजोरी औँल्याउने, खबरदारी गर्ने काम नेमकिपाले गरिरहेको कुरा घामझैँ छर्लङ्ग छ । यो अनुभव संसद्मा प्रतिनिधित्व गरेका दलका सांसदहरूले मात्र होइन, नागरिक समाज, बुद्धिजीवी, राजनीतिक विश्लेषक तथा सर्वसाधारण जनताले पनि गरिरहेका छन् ।

सरकारमा सामेल हुने ठुलो दलले संसद्मा विपक्ष या प्रतिद्वन्द्वीको भूमिका निर्वाह गर्न नसक्नुका अनेक कारणमध्ये सत्तामुखी राजनीति हो । आफू जसरी भए पनि सरकारको नेतृत्वमा पुग्ने हेतुले राजनीति गर्दा हो । सत्तापक्ष र प्रमुख विपक्ष दलका नेताहरूको भागबन्डा मिलेपछि भ्रष्टाचारी, ठग, कमिसनखोर, अनियमितता गर्ने, अपराधीहरूलाई कारबाही गर्न अघि सर्दैनन् । अझ त्यस्ता अपराधीहरूलाई ढाकछोप गर्छन् या सामसुम पार्छन् । ती शासकहरू भ्रष्टाचारी, कालाबजारी, अपराधी र कमिसनखोर वरिपरि घुमिरहेका हुन्छन् या शासकहरू उनीहरूको सुरक्षा गर्छन् । यसकारण, संसद्मा सरकारले ल्याउने विधेयक, गलत नीति, नियमको पनि प्रमुख विपक्ष दलले समर्थन गर्छ या विरोध गर्दैन । प्रमुख विपक्ष दलको यस्तै कमजोरी या गैरजिम्मेवारीले गर्दा संसद्मा नेमकिपाले प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गर्नुपरेको हो ।

एमसीसी सम्झौतामा एमालेले समर्थन गऱ्यो । नागरिकता विधेयकमा पनि नेकाको झैँ एमालेको पनि समर्थन रह्यो । त्यसरी नै विगतमा भएका असमान सन्धि सम्झौतामा पनि एमालेको सरकार हुँदा नेकाले र नेकाको सरकार हुँदा एमालेले समर्थन गरेर विभिन्न देशघाती सन्धि सम्झौता गरेको थियो । सरकारले ल्याएको जति विधेयक आँखा चिम्लेर या सही गलत नहेरी अन्ध समर्थन गर्ने हो भने सदनमा विपक्ष दल किन आवश्यक भयो ? तर, सदनमा नेमकिपाका सांसदहरू देशघाती निर्णय र सन्धि सम्झौताको विरोध गर्न पछि परेनन्; सरकारलाई खबरदारी गर्न चुकेनन् । यसकारण, सदनमा सबैले नेमकिपाको आवश्यकता महसुस गरे । सदनमा नेमकिपाले गरेको त्यो भूमिकाको सर्वत्र प्रशंसा भइरहेको छ ।

सदनमा नेमकिपाले उठाएको आवाजलाई कसैले होइन भन्दैनन्; गलत भन्दैनन् । तर, सत्तासीन र ठुला दलका नेता तथा सांसदहरूले त्यसको सुनुवाइ गर्दैनन्; सकार्दैनन् । प्रमुख विपक्ष दलले आफ्नो भूमिका निर्वाह गर्न नसकेकै कारण सदनबाट देशघाती र जनविरोधी सन्धि सम्झौता पारित भएको हो; देशमा अस्थिरता निम्तिएको हो; अराजक स्थिति देखिएको हो; दलका नेताहरू पदलोलुप भएका हुन्; अवसरवादी भएका हुन्; दलको सिद्धान्त र विचारलाई बन्धक बनाएर आफूखुसी काम गर्न लागेका हुन् । यही कारण नेमकिपाले सदन र सडकमार्फत कहिले सैद्धान्तिक आलोचना र कहिले गलत काम र कदमको विरोध गर्नुपर्ने हो । नेमकिपाले आधारबिना विरोध र आलोचना गरेको छैन । आलोचना र विरोधले कति देशविरोधी र जनविरोधी कार्य रोकिएको छ भने कति राम्रो काम पनि भएको छ ।

संसद्मा कुनै दलको प्रतिनिधित्व गरेको आधारमा त्यसलाई पनि सत्तामा साझेदारी या सहभागिता छ भन्न मिल्दैन । कुनै दलको सांसदले संसद्मा प्रतिनिधित्व गर्दैमा सत्तामा साझेदारी छ भन्ने दृष्टिकोणको पनि राजनीतिक विश्लेषकहरूले मूल्याङ्कन गर्नु आवश्यक छ । स्थानीय तह, प्रदेशसभा, प्रतिनिधिसभा या राष्ट्रियसभामा कुनै दलको सहभागिता हुँदैमा सत्तामा सहभागी भएको ठान्नु के गलत मूल्याङ्कन भएन र ? के नेमकिपा सरकारमा छ भन्न मिल्छ ? जुन दल सरकारमा सहभागी भएको छैन, त्यसलाई सत्ता साझेदारी दलको सूचीमा राख्नु बुद्धिमानी नहोला ।

# सफलताको सूत्रका रूपमा जातिसंहार

✦ डा. पाउल लारुद

भविष्य सदा विष्मयकारी हुन्छ । तैपनि, हामी आफ्नै अड्कलको आधारमा योजना बनाउँछौँ । कही कमीकमजोरी भए त्यसलाई हामी पछि सच्याउँछौँ । अड्कल काट्दै गर्दा कमीकमजोरी हुने सम्भावनालाई पनि हामी ध्यान दिन्छौँ । बिरामी परिएला अथवा कुनै भइपरी आउला र योजना तुहिएला भन्ने कुरालाई उति वास्ता गर्दैनौँ । यही कुरालाई आधार मानेर मैले गाजा, इजरायल र बाँकी विश्वसँग तिनको सम्बन्धलाई लिएर केही अड्कलबाजी गर्दै छु । तस्बिर उति उज्यालो नहोला । यसमा म अगाडि नै माफी माग्न चाहन्छु ।

पहिलो, दु:ख र खेदका साथ भन्नुपर्छ, गाजामा बचेखुचेका प्यालेस्टिनी जनतालाई कि त मारिन्छ कि त खेदिन्छ । अधिकांशलाई खेदिनेछ । हामीले जेजति गरे पनि यति त हुने नै छ ।

हालै एरोन डेभिड मिलरले यसको मुख्य कारण खुलाएका छन् । प्यालेस्टिनी सर्वसाधारणमाथि भयावह चोट नपुऱ्याई इजरालयको पक्षमा समाधान दिने वैकल्पिक बाटो जो बाइडेनसँग छैन भनी मिलरले बताए ।

अझै खुलाएर भन्ने हो भने यो दोस्रो विश्वयुद्धपछिकै ठुलो जातिसंहार हो । बाइडेन सरकारले सोचेको साँचो चित्र यही हो भने संरा अमेरिकाले इजरायललाई सैन्य सामग्री दिन जारी राख्नेछ भन्नेमा शङ्का गर्नुपर्दैन । यी सामग्री निश्चय नै गाजाका जनतालाई सखाप पार्न प्रयोग हुनेछन् । इजरायललाई सैन्य सामग्री दिन्न भन्ने विकल्प जो बाइडेन र उनको सोचबाहिरको कुरा हो । यो विकल्पको अर्थ राष्ट्रपति कार्यालयको आरामदायी र प्रतिष्ठित जीवन त्याग्नु बराबर हुन्छ ।

जो बाइडेन ड्वाइट आइजनहावर होइनन् । जोन केनेडी त परको कुरा भयो उनी रिचर्ड निक्सन र जिमी कार्टरधरी होइनन् ।

अहिले अमेरिकामा कसैसँग प्रतिवाद गर्ने ह्याउ र हिम्मत भएका राष्ट्रपति छैनन् । कम्तीमा अमेरिकामा सक्रिय यहुदीवादी लबी वा दबाब समूहलाई बाइडेन नाइँ भन्न सक्दैनन् । भविष्यमा पनि ह्वाइट हाउसमा यस्तो व्यक्ति आउला भनी कल्पना गर्ने आधार हामीसँग छैन ।

डोनाल्ड ट्रम्पले त्यसो भन्लान् र ? बाइडेनलाई भन्दा ट्रम्पलाई इजरायल गुटको खाँचो छ । इजरायल लबी ट्रम्पसँग खुसी नभएको भए धेरै अघि नै त्यसले ट्रम्पको उम्मेदवारी खारेज गराइसक्थ्यो । बाइडेन र ट्रम्पको नैतिकस्तर नेतन्याहुको भन्दा माथि फरक छैन । अब अर्को अड्कलमा जाऔँ ।

के युद्धविराम होला ? म यो सम्भावना देख्दिन ।

नोभेम्बरमा एक सातालाई युद्धविराम भयो किनभने दुवै पक्षले रणनीतिक हिसाबले धेरै गुमाएका थिएनन् । बरु राजनीतिकरूपले दुवै पक्ष लाभान्वित भए । यसखाले लेनदेनको सम्भावना अहिले छैन । हमासले सबै बन्धन छोड्यो भने ऊसँग साटफेर गर्नका लागि केही बाँकी रहनेछैन । त्यसकारण, हमासले तीन चरणमा सम्झौता गर्न चाहेको हो । अन्तिम चरणमा ऊ आत्मरक्षाको अधिकारसहितको स्वाधीन प्यालेस्टिनी राज्य चाहन्छ । साथै ऊ नयाँ राज्यको सुरक्षा र स्वाधीनताको बहुपक्षीय ग्यारेन्टी पनि चाहन्छ ।

यसमध्ये कुनै पनि प्रस्ताव इजरायललाई मान्य छैन । उसले यो कुरा खुलेर भनेको पनि छ । इजरायली शासकहरू 'कब्जा गरिएको भूभाग' लाई 'ग्रेटर इजरायल' भन्दै छन् । उनीहरू ती भूभागमा यहुदीवादी सोचका यहुदीले आवाद गरिनसकेको ठान्छन् । 'ग्रेटर इजरायल' मा गैरयहुदीहरू बसिरहेको कुरा उनीहरू कदापि देख्न चाहन्नन् । नयाँ भूभागमा यहुदीवादी सोचका यहुदीहरूलाई बसाली उनीहरू औपचारिक सीमा बढाउने ताकमा छन् । पछि उनीहरूले त्यो काम पनि गर्नेछन् । अहिलेलाई उनीहरूले गाजालाई खाली गर्ने कामलाई प्राथमिकतामा राखेका छन् । जहाँसम्म दुई राज्य समाधानको कुरा छ, इजरायलले यो समाधानलाई वार्ताको टेबलमा बस्ने, सम्झौतालाई सकेसम्म पर धकेल्ने र सम्झौता नहुनुको दोषजति प्यालेस्टिनीहरूमाथि थोपर्ने चालको रूपमा प्रयोग गर्दै आएको छ । अब यो 'समाधान' उनीहरूको सोचबाहिर गइसकेको छ ।

इजरायली जातिसंहार टुङ्गिएपछि परिणाम कस्तो देखिएला ? पहिलो, कम्तीमा २० लाख प्यालेस्टिनीहरू गाजामा रहनेछैनन् । माथि भनेजस्तै ती सबै कि त मारिनेछन् कि गाजाबाट लघारिनेछन् । मारिएका बालबालिकाभन्दा टुहुराटुहुरीको सङ्ख्या थोरै हुनेछ । बाँचेका टुहुराटुहुरीलाई धर्मसन्तान बनाउनलाई जहाजमा राखेर पश्चिमा देशहरूमा ओसारिनेछ । यसरी तिनलाई आफ्नै नाम र सांस्कृतिक सम्पदाबाट वञ्चित गरिनेछ । तर, म निर्धक्क के भन्न सक्छु भने तिनले मायालु अभिभावक पाउनेछन् र तिनीहरू पश्चिमा नागरिकको रूपमा अनुकूलित हुनेछन् ।

जहाँसम्म इजरायलको कुरा छ, अक्टोबर ७ पछि उसको संसार बदलिएको छ । पहिलो, उसले आफ्ना उदार जनताको साथ गुमाउँदै छ र गुमाइरहनेछ । वर्षौँअघि यो क्रम सुरु भएको हो । तर, २०२३ अक्टोबर ७ यता इजरायलको जनसङ्ख्या झन्डै १० प्रतिशतले घटेको छ । प्यालेस्टिनमा पनि यति नै प्रतिशत मानिस घटेको छ । तर, उनीहरू स्वेच्छाले नभई जातिसंहारका कारण घटेका (वा मारिएका) हुन् ।

इजरायल छोड्नेहरूमा जातिसंहारक सोच भएका कट्टरपन्थीहरू छैनन् । बरु परम्परागत यहुदी मूल्यमान्यतामा विश्वास राख्ने अथवा ती मूल्यमान्यतालाई अन्धकारको स्रोत नमान्ने व्यक्तिहरूले नै इजरायल छोड्दै छन् । तिनले यहुदीवादी लक्ष्य परित्याग गरेका छन् । अर्काको भूमि हडप्ने यहुदीवादी लक्ष्य लत्याउनेमा तिनीहरू एक्ला भने छैनन् । संरा अमेरिका र अन्य पश्चिमा देशमा बसोबास गरिरहेका धेरै यहुदीहरूको यहुदीवादी लक्ष्यप्रति मोहभङ्ग भएको छ; कसैको स्वाभिमानलाई सम्मान गर्ने लालसा जागेको छ ।

यसको अर्थ अब इजरायल पहिलेभन्दा बढी एक्लो हुनेछ । पहिले इजरायलको पक्ष लिने संसारभरिका यहुदी र गैरयहुदी समुदायले उसलाई समर्थन गर्नेछैनन् । जातिसंहारजस्तो 'सानो घटना' ले मित्रहरू शत्रुमा फेरिनेछन् ! मलाई लाग्छ, विश्वभरि इजरायली मालसामान, सङ्घसंस्था र संस्कृतिलाई सबैले घृणा गर्न थालनेछन् । अमेरिकामा टेलिभिजन कार्यक्रमहरूमा विजयी भएको खण्डमा पुरस्कारस्वरूप इजरायल घुमाउन जाने चलन छ । यसमा बिराम लाग्नेछ ।

इजरायलले गाजा कब्जा गर्नेछ । यसमा मलाई एकरत्ति शङ्का छैन । मलाई लाग्छ, घरजग्गा कारोबारी र ठेकेदारहरूले गाजावासीहरूको चिहान र भग्नावशेषमाथि समुद्री तटमा लहरै यहुदीवादी स्वप्नटोलहरूको निर्माण गर्नेछन् । तर, त्यहाँ बस्नको लागि तिनीहरूले सोचेजस्तो सङ्ख्यामा विदेशी आप्रवासीहरू ओइरिनेछैनन् । इजरायलको भविष्य नै छ भने पनि भावी इजरायल यहुदीवादी बहिष्कार-पथको हिंस्रक किल्ला बन्नेछ । आज संरा अमेरिकालगायत विश्वका विभिन्न मुलुकलाई प्रयोग गरी इजरायलले त्यहाँको स्रोतसाधनलाई आफ्नो लागि प्रयोग गर्दै छ । यसको लागि उसले विश्व यहुदीवादी सञ्जाल र त्यसको लाभबाट हिस्सा लिएर मोटाउने साझेदार सङ्घसंस्थालाई उपयोग गर्छ । भोलिको दृश्यमा इजरायललाई बिस्तारै खुम्चिँदो अवस्थामा रहेका यिनै संस्थाको मात्र साथ रहनेछ ।

अब तपाईँ आफैँ सोच्नुस् के यसलाई सफलताको सूत्र भन्न सकिएला ?

***स्रोत : 'ग्लोबल रिसर्च' बाट***
***अनुवाद : सम्यक***

# भक्तपुर नगरपालिकाका नगर प्रहरीहरू परिचालनमा सफलता मिलोस्



पाठक पत्र

majdurdaily@gmail.com

भक्तपुर नगरपालिकाले २०८० चैत १५ गतेदेखि नगर प्रहरी निरीक्षकको नेतृत्वमा २२ जना कर्मचारीहरू नियुक्ति गरी आवश्यक तालिम दिँदै परिचालन गरिरहेको नगरका विभिन्न स्थानमा खटिएका नगर प्रहरीहरूबाट जानकारी प्राप्त भयो । भक्तपुर नगरपालिकाले व्यवस्था गरेको आधिकारिक वेभसाइटबाट प्राप्त जानकारीअनुसार स्थानीय सरकारको रुपमा भक्तपुर नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माण कार्यमा सहयोग पुऱ्याउँदै नगर भित्र सुव्यवस्था कायम गर्न तथा नगरपालिकाको निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउन नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरी नगर प्रहरी ऐन नगरसभाबाट पारित गरी नगर प्रहरीको व्यवस्था गरिएको छ । सोहीअनुसार भक्तपुर नगरपालिकाले नगर प्रहरीहरूलाई सुरुमा नगरका महत्त्वपूर्ण सम्पदा क्षेत्रहरूमा सवारी साधन व्यवस्थापन, आवश्यक सुव्यवस्था कायम गर्न परिचालन गर्ने सकारात्मक पहलको रुपमा लिएको छु ।

नगर प्रहरीलाई नगरको बजार व्यवस्थापन, हकर्स नियन्त्रण, हाते र अनधिकृत व्यापार नियन्त्रण, माग्ने र अवान्छित गतिविधि नियन्त्रण, सम्पदा दुरुपयोग नियन्त्रण, अनधिकृत व्यवसायिक कारोबारहरू नियन्त्रणलगायतका क्षेत्रमा परिचालन गर्न सकेमा भक्तपुर नगरलाई अझ थप व्यवस्थित गर्न टेवा पुग्नेछ । नगरमा हाल कायम रहेका अव्यवस्थित पार्किङलाई व्यवस्थित गर्न र अत्याधिक सवारी चापलाई व्यवस्थित गर्न, विभिन्न बाटोहरूलाई एकतर्फी आगमनको मात्र व्यवस्था गर्न (राममन्दिरबाट पुरानो नगर क्षेत्रभित्र प्रवेश मात्र गर्ने र वंशगोपालबाट बाराही पिठमा पुरानो नगर क्षेत्रबाट बाहिर निस्कने मात्र) जस्ता क्षेत्रमा परिचालन गरी कार्यान्वयन गर्न सकिएमा भक्तपुर नगरको ट्राफिक व्यवस्थापन अझ सुचारु र व्यवस्थित हुने देखिन्छ । यसका साथै पुराना नगर क्षेत्रमा सञ्चालन हुने सवारी साधनहरूको गति सीमित गर्न र हर्न निषेध गर्न समेत नगर प्रहरी परिचालन गरी कार्यान्वयन गर्न पाएमा सुनमा सुगन्ध हुन्थ्यो ।

अनियमित निर्माण रोक्न, छाडा, दोपाया, चौपाया नियन्त्रण गर्न, अखाद्य वस्तुहरूको बिक्री वितरण रोक्न, धराप व्यवस्थापन गर्न, स्थानीय जात्रा पर्वमा सरसफाइ र सुरक्षा व्यवस्था गर्न, निषेधित भित्ते लेखन, पोल ब्यानर, क्रस ब्यानर राख्न नदिन, प्रदूषण गर्ने उद्योगहरू सञ्चालन गर्न नदिन, अनधिकृत ड्रोन उडान रोक्न, दृश्य प्रदूषण हुने गरी राखिएका साइनबोर्डहरू हटाउनलगायतका विभिन्न आवश्यक क्षेत्रमा नगर प्रहरीलाई सही ढङ्गले परिचालन गरी सदुपयोग गर्न सकिएमा साँच्चिकै भक्तपुर नगरपालिका व्यवस्थित नगरपालिकाको रुपमा अगाडि बढ्ने विश्वास लिएको छु । यसर्थ, नगर प्रहरी परिचालनको विषयमा केही सञ्चारमाध्यमले नकारात्मक टिप्पणी तथा प्रचार प्रसार गरेको पाइएको छ । राम्रो उद्देश्यले भर्ना गरी परिचालन गरिएका नगर प्रहरीलाई सुव्यवस्थित ढङ्गले परिचालन गरी नगरपालिकाको उद्देश्य प्राप्त गर्न सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछु ।

***-सचेत नागरिक***

खण्ड - २

# चीन–संरा अमेरिकी व्यापार तथा आर्थिक सहकार्यका तथ्यहरूको स्पष्टीकरण

**२. निष्पक्ष व्यापारको छलफल विश्व व्यापार सङ्गठनको आपसी लाभको सिद्धान्तबाट अलग राखिनु हुन्न -**

पछिल्ला वर्षहरूमा संरा अमेरिकाले 'स्वतन्त्र व्यापार' छोडेर तथाकथित 'निष्पक्ष व्यापार' को वकालत गर्न थालेको छ। शब्दावलीलाई नयाँ ढङ्गले अर्थ्याएको देखिन्छ। संरा अमेरिकाको अघिल्लो प्रशासनको विपरीत अहिलेको प्रशासनले 'निष्पक्ष व्यापार' मा जोड दिएको छ। जुन अन्तर्राष्ट्रिय नियममा आधारित नभई 'अमेरिका पहिलो' नीति तथा अमेरिकाकै स्वार्थ संरक्षण र रक्षातर्फ केन्द्रित छ। गुह्य कुरा भने तथाकथित 'पारस्परिक अर्थात् रेसिप्रोकल' खुलापन र निरपेक्ष समानताको विचार नै हो। सम्पूर्ण देशले संरा अमेरिकासँग समान भन्सार दर कायम गर्ने र सम्झौतामा सम्पूर्ण क्षेत्रलाई समान बजारको पहुँच उपलब्ध गराउने विश्वास लिएको छ।

संरा अमेरिकी सरकारको आँखामा, अन्य बजारभित्र बजार खुलापनमा पारस्परिक सम्बन्धको अभावले संरा अमेरिकालाई अनुचित स्थानमा पुऱ्यायो र दुईपक्षीय व्यापार असन्तुलनतर्फ डोऱ्यायो भन्ने छ। पारस्परिक सम्बन्धबारे यस्तो धारणा विश्व व्यापार सङ्गठनको पारस्परिक र आपसी लाभकारी सिद्धान्तसँग पूर्णतया अमिल्दो र असङ्गत छ।

विश्व व्यापार सङ्गठनको पारस्परिक सम्बन्धको सिद्धान्तले विकासोन्मुख सदस्य मुलुकहरूलाई विशेष, भिन्न र अनुकूल व्यवहार गरेर तिनका विकासका फरक-फरक चरणहरू स्वीकार्छ। यस्तो समझदारीको उद्देश्य विकासोन्मुख सदस्यहरूलाई आकर्षित गर्दै विश्व व्यापार सङ्गठनको प्रतिनिधित्व अझ बढाउनु हो। साथै विकासोन्मुख मुलुक र क्षेत्रको विकास गर्ने अधिकारको सम्मान गर्दै बहुपक्षीय प्रणालीको समावेशितालाई फैलाउनु हो। यसले खुलापनका लागि आपसी लाभको सिद्धान्तलाई हुर्काउँछ। विकासको सुरुआती चरणमा रहेका विकासोन्मुख सदस्यहरूको आफ्नो उद्योगहरूको प्रगति र स्वस्थ वृद्धिका लागि उपयुक्त सुरक्षाको आवश्यकता रहन्छ। यसले विकसित देशहरूको लागि पनि थुप्रै अवसर प्रदान गरेको हुन्छ। यो भिन्नता व्यवस्थापन र अत्यन्त अनुकूल व्यवहार नै विकसित देशहरूसहित सारा देश र क्षेत्रहरूको दीर्घकालीन चाहना हो। यो नै साँचो विश्वव्यापी निष्पक्षता हो।

सन् २००१ मा चीन विश्व व्यापार सङ्गठनमा प्रवेश गर्दा एउटा विकासोन्मुख सदस्यको रूपमा थियो र त्यसरी नै व्यवहार गरियो। तीव्र आर्थिक विकास भएको दशकौं बितिसक्दा पनि चीन अझै एउटा विकासोन्मुख मुलुकको रूपमा परिचित छ। चीनको १.३९ अर्ब ठुलो जनसङ्ख्याले विशाल अर्थतन्त्रको तथ्याङ्कलाई प्रतिव्यक्ति दरको आधारमा अत्यन्त न्यून तहमा झार्छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्कअनुसार, सन् २०१७ मा चीनको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन ८६४३ अमेरिकी डलर थियो।

यो तथ्याङ्क संरा अमेरिकाको १४.५ प्रतिशतमात्र र विश्व मानचित्रमा ७१ औं स्थानमा पर्छ। सन् २०१७ को अन्त्यसम्ममै त्यहाँ ३ करोड ४ लाख ६० हजार ग्रामीण जनता गरिबीमा बाँच्दै थिए। त्यसकारण, चीनको समष्टिगत व्यापार आकार र अर्थतन्त्रको धरातलमा चीन र संरा अमेरिकाबिच भन्सार करमा निरपेक्ष समानताको माग गरिनु अनुचित हुन्छ। निरपेक्ष समानताको अवधारणाले अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व व्यापार सङ्गठनको गैर-भेदभाव सिद्धान्तको उल्लङ्घन हुन्छ। *(बक्स नं. १ हेर्नुहोस्।)*

**बक्स १ : तथाकथित "पारस्परिक खुलापन" विश्व व्यापार सङ्गठनको भेदभाव नगर्ने सिद्धान्तअनुसार छैन।**

विश्व व्यापार सङ्गठनमा पारस्परिक र आपसी लाभको सिद्धान्त एवम् भेदभाव नगर्ने सिद्धान्त एकअर्कोसँग अत्यन्त सम्बन्धित छ। सन् १९९४ मा भएको माराकेस सम्झौता (Marrakesh Agreement) ले स्थापना गरेको विश्व व्यापार सङ्गठन र ग्याट (GATT, The General Agreement on Tarrif and Trade) को प्रस्तावनामा उल्लेख गरिएको छ, "पारस्परिक र आपसी फाइदाजनक सम्झौताहरू भन्सार कर र व्यापारका अन्य बाधाअड्चनहरूको यथेष्ट न्यूनीकरणतर्फ केन्द्रित हुनेछ र अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा भेदभावपूर्ण व्यवहार पूर्णतः हटाइनेछ।" यसले सम्पूर्ण विश्व व्यापार सङ्गठनका सदस्यहरूलाई अति सौविध्यपूर्ण राष्ट्र (Most Favoured Nation - MFN) प्राथमिकतामा राखी व्यवहार प्रदान गरिरहेको छ। विश्व व्यापार सङ्गठनका सदस्यहरूविरूद्ध स्वेच्छाचारी भेदभाव गरिरहेको देखिन्न। तर, यसले कहिलेकाहीँ विभिन्न अवसरमा MFN आचरणबारे गलत बुझाइ, दुरूपयोग र असङ्गतितर्फ झुकाव बढाउँछ तथा भेदभावपूर्ण व्यवहारको निम्ति छुट दिन्छ।

सन् २०१८ को फ्रेबुअरी १२मा संरा अमेरिकाले पहिलोपटक अमेरिका भित्रिने केही सामानहरूमा पारस्परिक भन्सार कर उठाउने उद्घोष गऱ्यो र त्यसरी नै संरा अमेरिकाबाट उही सामानको आयातमा प्रतिद्वन्द्वी या समकक्षीद्वारा प्रतिवाद गरियो। केही उत्पादनका सन्दर्भमा तथाकथित निरपेक्ष समानताको व्यवहार र यस्तो पारस्परिक सम्बन्धको विचारले आपसी लाभको सिद्धान्तकै उल्लङ्घन गर्दछ।

विश्व व्यापार सङ्गठनले परिभाषित गरेको - 'पारस्परिक' र संरा अमेरिकाले उल्लेख गरेको तथाकथित 'पारस्परिक' शब्दबिचको अर्थमा आकाश-जमिनको भिन्नता छ।

यदि पारस्परिक भन्सार कर ठुलो मात्रामा प्रयोगमा ल्याउने हो भने यसले विभिन्न देशहरूका लागि विभिन्न किसिमका करहरू उत्पन्न गर्दछ र MFN आचरणबाट विमुख हुनेछ। यदि पारस्परिक भन्सार कर थोरै देशहरूमा उच्च भन्सार दर लादियो भने ती देशहरूलाई MFN व्यवहारबाट वञ्चित गरेसरह हुनेछ।

विश्व व्यापार सङ्गठनले वकालत गरेको पारस्परिक र आपसी लाभको सिद्धान्तले सम्पूर्ण सदस्यहरूका औद्योगिक बजारहरू खुला गर्नुका साथै समग्र पारस्परिक सम्बन्ध एवम् स्वार्थको सन्तुलन कायम गर्दछ। यसले सीमित उद्योग र वस्तुहरूमा मात्रै पारस्परिक सम्बन्ध र व्यवहारको साँघुरो परिभाषा दिँदैन। छुट्टाछुट्टै उद्योगहरूमा लगाइने भन्सार करको बन्दोबस्ती तथा प्रतिस्पर्धा र निरपेक्ष पारस्परिक सम्बन्धलाई खुला गर्नु वस्तुतः असम्भव विषय हो। यदि संरा अमेरिकाकै निरपेक्ष पारस्परिक सम्बन्धको तर्कलाई अगाडि राख्ने हो भने संरा अमेरिकाभित्रै वास्तवमै पक्षपातपूर्ण, अनुचित र गैर-पारस्परिक सम्बन्धको अभ्यास भएको देख्न सकिन्छ।

उदाहरणका लागि बोक्रा भएको बदाम, दूधजन्य उत्पादन र ट्रकहरूमा चीनले संरा अमेरिकालाई लगाउने भन्सार करको दर क्रमशः १५,१२ र १५ देखि २५ प्रतिशत छ। जबकि, सोही वस्तुहरूमा संरा अमेरिकाले क्रमशः १६३, १६ र २५ प्रतिशत भन्सार कर उठाउने गरेको विश्व व्यापार सङ्गठनको अध्ययनले देखाउँछ। *(तालिका २)*

**तालिका २: चीन र संरा अमेरिकामा केही भन्सार कर**

| शीर्षकहरू | संरा अमेरिका | चीन |
|---|---|---|
| ट्रकहरू | २५% | १५–२५% |
| दुग्ध पदार्थ | १६% | १२% |
| बोक्रा भएको बदाम | १६३.८% | १५% |
| बोक्रा छोडाइएको बदाम | १३१.८% | १५% |
| बदाम बटर | १३१.८% | ३०% |
| बुनेका सर्टहरू | ३०% | १६%–१७.५ % |

***स्रोत : चिनियाँ भन्सार आयात तथा निर्यात भन्सार दर २०१७ तथा विश्व व्यापार सङ्घ भन्सार तथ्याङ्क***

चीनले विश्व व्यापार सङ्गठनसँगको सम्झौता इमानदारीपूर्वक पालना गर्दै छ र बजार खुलापनलाई अझ व्यापक बनाउन स्वयम्स्फूर्त ढङ्गले एकपक्षीय भन्सार कर घटाउने सम्झौता पूरा गर्दै आइरहेको छ। सन् २०१० सम्म सम्पूर्ण वस्तुमा भन्सार दर घटाउने सम्झौता चीनले पूरा गऱ्यो। सन् २००१ मा १५.३ प्रतिशतबाट २०१० सम्ममा समग्रमा ९.८ प्रतिशत भन्सार दर घटाएको देखिन्छ। चीन विश्व व्यापार सङ्गठनको सम्झौतामा मात्र सीमित छैन। चीनले आर्थिकरूपले कम विकसित मुलुकहरू, (Less economically developed countries- LDCs) का लागि भन्सार दरको विशेष प्रावधान प्रदान गरी, विभिन्न अवसरमा अस्थायी भन्सार करको उपाय अगाडि सारी आयातमा भन्सार कर न्यूनीकरण गर्ने र स्वतन्त्र व्यापार सम्झौता (Free Trade Agreement- FTA) मार्फत व्यापार विकास तथा लगानीमा उदारीकरणमार्फत विश्वलाई सघाउने कार्य पनि सँगसँगै गर्दै छ। विश्व व्यापार सङ्गठनका अनुसार सन् २०१५ मा चीनको कुल भन्सार कर Weighted Tariff निर्यातको मात्राअनुसारको औसत भन्सार) भन्सार करभार ४.४ प्रतिशतमा झरेको छ। यो आँकडा दक्षिण कोरिया, भारत र इन्डोनेसियाजस्ता उदीयमान अर्थतन्त्र र विकासोन्मुख देशहरूको भन्दा न्यून छ। क्रिषिजन्य उत्पादनमा चीनको भन्सार दर जापानको वास्तविक भन्सार दरभन्दा न्यून छ। त्यस्तै, गैर-क्रिषिजन्य सामानहरूमा अस्ट्रेलियाको भन्दा न्यून छ *(तालिका ३)*।

सन् २०१८ को सुरुआतमै चीन आफैँले सम्पूर्ण सवारीसाधनमा MFN भन्सार दर घटाई १५ प्रतिशत पुऱ्याउने, अटोपार्टसहरूमा अधिकतम २५ देखि ६ प्रतिशत पुऱ्याउन अगुवाई गऱ्यो। चीनले दैनिक आवश्यकताका करिब १४४९ ओटा वस्तुहरूमा MFN भन्सार दर औसत ५५.९ प्रतिशतबाट १५.७ देखि ६.९ प्रतिशतसम्म आयात कर घटायो। हाल मात्रै चीनको समग्र भन्सार दर घटेर ८ प्रतिशतमा पुगेको तथ्याङ्क छ।

***तालिका ३ - चीन र अन्य देशहरूको व्यापारको मात्रा (भार) अनुरूपको औसत भन्सार दर ( प्रतिशतमा)***

| | सबै | कृषि उत्पादन | गैरकृषि उत्पादन |
|---|---|---|---|
| जापान | २.१ | ११.१ | १.२ |
| संयुक्त राज्यहरू | २.४ | ३.८ | २.३ |
| युरोपेली सङ्घ | ३.० | ७.८ | २.६ |
| अस्ट्रेलिया | ४.० | २.४ | ४.१ |
| चीन | ४.४ | ९.७ | ४.० |
| दक्षिण कोरिया | ६.९ | ५५.४ | ४.० |
| इन्डोनेसिया | ६.८ | ७.८ | ६.७ |
| भारत ७.६ | | ३८.० | ५.६ |

*स्रोत : WTO को भन्सार दर तथ्याङ्क संरचना*

संरा अमेरिकाले वकालत गरिरहेको 'निष्पक्ष व्यापार' र 'पारस्परिक खुलापन' ले विकासका चरण, स्रोतको उपलब्धता र प्रतिस्पर्धी उद्योगहरूका आधारमा देशहरूका फरक-फरक उद्देश्य हुनसक्ने यथार्थलाई बेवास्ता गरेको छ। साथै, विकासोन्मुख मुलुकहरूले विकास गर्न पाउने अधिकारको उपेक्षा गरेको छ। यसले विकासोन्मुख देशहरूको अर्थतन्त्र र उद्योगहरूमा प्रतिकुल असर गर्नेछ र फराकिलो असमानता सृजना गर्नेछ। अन्ततः संरा अमेरिकाले विकासोन्मुख देशहरूमा आफ्नो व्यापार विस्तारलाई रोक्दै ती देशहरूको विकासमा निर्वाह गर्नसक्ने भूमिकाबाट वञ्चित हुँदै जानेछ।

विश्व व्यापार सङ्गठनमा प्रवेश गरेदेखि चीनले विश्व आर्थिक विकासमा महत्त्वपूर्ण योगदान गरेको यथार्थ कसैबाट लुकेको छैन। केही मानिस विश्व व्यापार सङ्गठनमा सदस्यता पाएदेखि चीनले अन्य देशमाथि थिचोमिचो गर्दै फाइदा लिइरहेको गलत आरोप लगाउँछन्। वास्तवमा विश्व व्यापार सङ्गठनको सदस्य राष्ट्र भइसकेपछि चीनले श्रम र भूमि स्रोत, अन्तर्राष्ट्रिय पुँजी र प्रविधि उपलब्ध गराएको छ, अत्यधिक उत्पादन क्षमता प्रदान गरेको छ जसले विश्वव्यापी औद्योगिक र मूल्य संयन्त्रको विकास गर्नुका साथै विश्व आर्थिक वृद्धिमा योगदान पुऱ्याएको छ। चीनमा वैदेशिक प्रत्यक्ष लगानी (FDI) निरन्तर बढ्दै छ।

यो (FDI) ६.९ प्रतिशत वार्षिक वृद्धि दरसँगै सन् २००१ मा ४६.८८ अर्ब अमेरिकी डलरबाट सन् २०१७ सम्ममा १३६.३२ अर्ब अमेरिकी डलर पुगेको छ। चीनको आर्थिक विकासमा बहुराष्ट्रिय कम्पनीहरूले पनि अपार अवसरहरूको आदानप्रदान गरेका छन्। चीनको अर्थतन्त्रको तीव्र विकाससँगै यो समयमा चीनले वातावरण र औद्योगिक पुनःसंरचनाको क्षेत्रमा उच्च लागत खर्च गरेको छ।

**३) चीनले सम्झौताको भावनाविपरीत प्रविधि स्थानान्तरणमा जोड दिएको आक्षेप चीनमाथि थोपर्नु गलत हुनेछ -**

सुधार र खुलापनको नीति अवलम्बन गरेयता वैदेशिक कम्पनीहरू स्वेच्छाले चिनियाँ कम्पनीहरूसँग साझेदारीका लागि सम्झौता र सहमति गरिरहेका छन्। उनीहरू आफ्नो उत्पादन क्षमता र अन्य चिजहरू उदीयमान बजारसँग एकाकार गर्नको निम्ति चीनतर्फ स्वेच्छाले स्थानान्तरण गर्दै छन्। यसो गर्दा ती देशको उत्पादन लागत बचत हुन्छ, निश्चित उचाइमा अर्थतन्त्र पुऱ्याउन सकिन्छ र प्रविधिमार्फत व्यापक नाफा प्राप्त गर्न सकिन्छ। चीन र संरा अमेरिकाजस्ता विकसित देशहरूबिचको सहकार्यअन्तर्गत पर्ने प्रविधि हस्तान्तरण बाध्यकारी होइन। विकसित देशहरूका कम्पनीद्वारा अगुवाइ गरिएको औद्योगिक हस्तान्तरणले उनीहरूको नाफा वृद्धिकै लागि हो। नयाँ प्रविधिको अवलम्बनका कारण जस्तोसुकै उत्पादन प्रक्रिया पनि जीवन-चक्रको माध्यमबाट टुप्पोदेखि फेदसम्म घुमिरहन्छ भनी उत्पादन जीवन-चक्रको सिद्धान्तले सङ्केत गर्दछ। जब नयाँ प्रविधि विकासका निम्ति प्रयास गरियो, पुराना प्रविधिबाट फाइदा प्राप्त भइरहेको छ भन्दै विकासोन्मुख देशहरूमा बहुराष्ट्रिय कम्पनीहरूले या त अप्रचलित (Obsolete) या मानकीक्रित (Standardized) जुनसुकै प्रविधि निरन्तर हस्तान्तरण गरे। यसले परिणामतः खोज र विकास (R&D) को लागि स्थान बनाउने तथा उत्पादन सामग्री जोगाउने काम गऱ्यो। अप्रत्यक्षरूपमा खोज र अनुसन्धानको लागत बाँडफाँट गरियो। त्यसकारण, प्रविधि हस्तान्तरण र अनुमतिपत्र प्रदान गर्नु भनेको व्यापकरूपले प्रयोगमा आएको सहकार्य मोडल हो। सन् १९९० देखि माइक्रोसफ्ट (Microsoft), इन्टेल (Intel), क्वालकम (Qualcomm), P&G, GE, लुसेन्ट (Lucent) लगायत अन्य अमेरिकी कम्पनीहरूले चीनमा R&D सुविधा खडा गरेका छन् र चिनियाँ बजारलाई बुझ्ने राम्रो अवसर प्राप्त गरेका छन्। वर्षौंदेखि अमेरिकी फर्महरूले प्रविधि हस्तान्तरण र लाइसेन्स प्रदान गरी राम्रो नाफा कमाइसकेका छन्। यो नै प्रविधि हस्तान्तरणको बृहत् फाइदा हो।

सहकार्यको प्रक्रियामा, चिनियाँ सरकारले अन्य देशद्वारा लगानी गरिएको इन्टरप्राइजेजलाई प्रविधि हस्तान्तरण जबरजस्ती लाद्ने नीति कहिल्यै पनि बनाएन। चिनियाँ र अन्य व्यवसायको प्राविधिक सहकार्य पूर्णतः स्वेच्छा र सम्झौताको सीमाभित्र पर्छ। यसले दुवै पक्षका लागि वास्तविक नाफा सृजना गर्छ। सामान्यतया भन्नुपर्दा, यहाँ वैदेशिक इन्टरप्राइजेज्ले प्रविधिसँग सम्बन्धित आय आर्जन गर्ने तीनओटा तरिका छन् -

१) सम्झौता भएको मूल्यमा एकैचोटि एकमुष्ट भुक्तानीसहित हस्तान्तरण गर्ने।

२) उपकरण, पार्टपुर्जा र उत्पादन बिक्रीबाट उपलब्ध हुने प्रविधिसँग सम्बन्धित आय।

३) प्रविधिको अनुमति शुल्क (लाइसेन्स)।

उदाहरणका लागि प्रविधिमा राम्रो भइसकेका विदेशी कम्पनीले चिनियाँ कम्पनीलाई प्राविधिकरूपले केही कमी भएका उपकरणहरू बेच्छ। त्यसकारण, दीर्घकालसम्म चिनियाँ कम्पनीले उपकरण बिक्रेतासँग पटकपटक प्राविधिक सेवा र पार्टपुर्जाहरू किन्छ। चिनियाँ कम्पनी विदेशी कम्पनीसँग एकैचोटीको भुक्तानीमा प्रविधि किन्न चाहन्छ। प्रविधि हस्तान्तरणका त्यस्ता आवश्यकताहरूको लागि लागत-लाभ लेखाजोखाको आधारमा वार्तामार्फत सामान्य मूल्य निर्धारण गरिन्छ। अन्तर्राष्ट्रिय व्यावसायिक प्रविधि बजारमा त्यस्तो प्रविधि शुल्क भुक्तानीको साझा अभ्यास भनेको किस्ताबन्दीमा तिर्ने या मोटामोटी एकमुस्ट तिर्ने नै हो। संरा अमेरिकी प्रशासनले चीनमाथि लगाएको बलजफ्ती या दबाबमूलक प्रविधि हस्तान्तरणको आरोप तथ्यसँग पूर्णतः मेल खाँदैन। चिनियाँ कम्पनीहरूसँग साझेदार विदेशी लगानी इन्टरप्राइजेज (Foreign Investment Enterprises- FIES) हरूसँग निःशुल्क प्रविधि वा त्यसको अनुमति लिने र अत्यधिक नाफा असुल गर्ने आरोप पनि तथ्यसङ्गत नरहेको देखाउँछ।

केही क्षेत्रहरूमा इक्विटी (Equity) (कर इक्विटी गुणसँग सम्बन्धित हुने निष्पक्षताको धारणा) सहकार्य चीनको अन्तर्राष्ट्रिय दायित्व र थुप्रै देशको सामान्य अभ्यासको भावना अनुरूप छ। साथै, यसले बलजफ्ती दबाबमूलक प्रविधि हस्तान्तरणको जिकिर पनि गर्दैन। पछिल्ला वर्षहरूमा विदेशी इक्विटी (Equity) माथिको प्रतिबन्ध कम गरिसकेको छ *(बक्स नं २ हेर्नुहोस्)* र विदेशी व्यवसायलाई छनोटको ठुलो स्वतन्त्रता दिइएको छ। यो प्रक्रियामा चिनियाँ र विदेशी इन्टरप्राइजेज्हरूबिच व्यावसायिक विचार तथा समझदारीका आधारमा र स्वतन्त्र छनोटको प्रतिफल स्वरूप इक्विटी सहकार्य निकै बलियो बनेको छ।

***स्रोत: चीन-संरा अमेरिका व्यापार युद्धबारे चीनको श्वेतपत्र***



अप्रिल १, २०२४ का दिन तेहरानको प्यालेस्टिन स्क्वायरमा इरानीहरूले विरोध प्रदर्शनको क्रममा इजरायली र अमेरिकी झन्डा जलाए। इजरायली हवाई आक्रमणले अप्रिल १ का दिन दमास्कसमा रहेको इरानी दूतावासको कन्सुलर एनेक्सलाई ध्वस्त पारेको र रिभोलुसनरी गार्डका शीर्ष कमान्डरसहित आठ जना सिरियाली र इरानी सैनिक अधिकारीहरूको बिग्रँदै गएको क्षेत्रीय तनावको बिचमा हत्या भइसकेको बताइएको छ।

*तस्बिर : एएफपी*

# गाजा आक्रमणमा खाद्यान्न झार्दै गरेका सात सहायताकर्मीको मृत्यु

गाजा क्षेत्र, ३ अप्रिल (एएफपी)। अमेरिकास्थित एक परोपकारी संस्थाले साइप्रसबाट समुन्द्री मार्ग हुँदै गाजामा वितरण गर्न लगिएको खाद्यान्न सामग्री झार्ने क्रममा इजरायली आक्रमणमा आफ्ना सात कर्मचारीको मृत्यु भएपछि गाजाको सहायता अभियान स्थगन गरिएको मङ्गलबार जनाएको छ।

इजरायली सेनाले अल-शिफा अस्पताल र त्यस वरपर दुई हप्ता लामो सैन्य अभियानलाई समाप्त गरेपछि सोमबारको मृत्यु भएको हो। आक्रमणमा इजरायली सेनाले घेरिएको क्षेत्रको अस्पतालको सबैभन्दा ठुलो भवन जलेको र भग्नावशेषमा परिणत बनेको छ।

"गाजामा आईडीएफको आक्रमणमा हाम्रो टोलीका सात जना सदस्य मारिएका छन्," अमेरिकास्थित च्यारिटी 'वर्ल्ड सेन्ट्रल किचन' ले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

मृत्यु हुनेमा अस्ट्रेलिया, पोल्यान्ड, संयुक्त अधिराज्य, संरा अमेरिका र क्यानडाका नागरिक र प्यालेस्टाइनका नागरिक रहेको र त्यसको जवाफमा उसले यस क्षेत्रमा आफ्नो अभियान रोकेको घोषणा गरेको छ।

सहायता समूहले भनेको छ, "इजरायली सेनासँग समन्वयकारी गतिविधिसँगै सहायतासहित पुगेका ट्रकबाट १०० टनभन्दा बढी मानवीय खाद्य सहायताका लागि सामान झारी देइर अल-बलाह गोदामबाट बाहिर निस्कँदै गर्दा आक्रमण गरिएको जनाएको छ।"

इजरायली सेनाले यस दुःखद घटनाको परिस्थिति बुझ्न उच्च स्तरमा गहन समीक्षा गरिरहेको र प्यालेस्टिनीहरूलाई सहायता प्रदान गर्ने प्रयासमा 'डब्ल्यूसीकेसँग नजिकबाट काम गरिरहेको' बताएको छ।

**चौतर्फी आलोचना**

सोमबार गाजामा मानवीय सहायता प्रदान गर्ने क्रममा पाँच मानवीय सहायताकर्मीको मृत्यु भएपछि विश्व समुदायबाट यस घटनाको चौतर्फी आलोचना भएको छ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले गाजामा सहायता वितरण गने क्रममा मारिएका एक अस्ट्रेलियाली नागरिकको मृत्युमा पूर्ण जवाफदेहिताको माग गर्नुभएको छ।

अल्बानिजले मानवीय सहायताका लागि काम गर्ने संस्था वर्ल्ड किचन ( डब्लुसिके) को अभियानमा काम गरिरहेकी अस्ट्रेलियाली नागरिक जोमी फ्र्याङ्कमको गाजामा हवाई आक्रमणबाट मृत्यु भएको खबरलाई पुष्टि गर्दै यस्तो माग गर्नुभएको हो।

पत्रकार सम्मेलनमा बोल्दै अल्बानिजले फ्रयाङ्कमको मृत्यु पूर्णरूपमा अस्वीकार्य भएको र विदेश मामिला तथा व्यापार विभागले इजरायली राजदूतसँग भेट गर्न अनुरोध गरेको बताउँदै उक्त घटना उचित परिस्थितिभन्दा बाहिर गएर भएको बताउनुभएको छ।

अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्की प्रवक्ता एड्रिएन वाट्सनले ह्वाइट हाउस र यस आक्रमणबाट निकै चिन्तित भएको बताउनुभएको छ।

उहाँले एक्समा लेख्नुभएको छ, "अति आवश्यक पर्ने सहायता प्रदान गर्ने मानवीय सहायताकर्मीहरूलाई सुरक्षाको प्रत्याभूत हुनुपर्छ।"

एएफपीका एक फोटोग्राफरका अनुसार शवलाई मध्य सहर देइर अल-बालाहस्थित अस्पतालको शवगृहमा लगिएको छ।

# इजरायली सेना अल शिफा अस्पतालबाट फिर्ता, सहयोगका लागि राष्ट्रसङ्घ अस्पतालमा पुग्ने

संयुक्त राष्ट्रसङ्घ, ३ अप्रिल ( सिन्ह्वा)। गाजा सहरको अल शिफा अस्पतालबाट इजरायली सेना फिर्ता भएपछि संयुक्त राष्ट्रसङ्घले आफ्नो सहयोगलाई त्यहाँको लक्ष्य बनाउने तयारी गरेको संयुक्त राष्ट्रसङ्घका एक प्रवक्ताले सोमबार बताउनुभएको छ।

"मानिसहरूलाई उपचार गर्न र अस्पतालको अवस्था बुझ्न मद्दत गर्न सकियोस् भनी हामी जतिसक्दो चाँडो अस्पताल जाने योजना बनाइरहेका छौँ," संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसका प्रवक्ता स्टेफन दुजारिकले भन्नुभयो।

यसैबिच मध्य गाजास्थित अल अक्सा अस्पतालमा आइतबार डब्लुएचओको एक टोलीले मानवीय सहायता अभियान सञ्चालन गरिरहेको बेला अस्पताल परिसरभित्र रहेको शिविरमा इजरायली हवाई आक्रमण भएको थियो। घटनामा चार जनाको मृत्यु भएको छ भने १७ जना घाइते भएका छन्।

उहाँले इजरायली रक्षा बलले अल शिफा अस्पताल परिसर खाली गरेको भन्ने समाचार आएपछि यो कदम चालिएको बताउनुभएको हो।

इजरायली सरकारबाट द्वन्द्व कम गर्न र उचित सुरक्षा आश्वासनको प्रतिक्षा विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले गरिरहेको प्रवक्ताले बताउनुभयो।

डब्ल्युएचओका महानिर्देशक डा. टेड्रोस अधानोम गेब्रेयेससका अनुसार उनीहरूले प्राप्त गरेको सूचना निकै निराशाजनक रहेको दुजारिकले बताउनुभयो।

प्यालेस्टाइनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय युएनआरडब्लुएले गाजा प्रवेश गर्ने मानवीय सामग्रीको परिमाणमा कुनै उल्लेखनीय परिवर्तन नभएको वा उत्तरमा पहुँचमा सुधार नआएको जनाएको छ। मार्च १ देखि ३० सम्म दैनिक औसत १५९ सहायता ट्रक गाजा प्रवेश गरेका छन्।

बिहीबार सबैभन्दा बढी २६४ ट्रक गाजामा प्रवेश गरेका थिए। यो दैनिक ५०० ट्रक सञ्चालन लक्ष्यभन्दा निकै कम रहेको उहाँले बताउनुभयो।

# सन्दिग्ध इजरायली आक्रमणमा इरानका दुई वरिष्ठ कमान्डरको मृत्यु, बदला लिने तेहरानको चेतावनी

दमास्कस, सिरिया, ३ अप्रिल ( एएफपी)। सिरियाको दमास्कसस्थित इरानी वाणिज्य दूतावास भवनमाथि इजरायलले गरेको सन्दिग्ध हमलाको कठोर जवाफ दिने तेहरानले चेतावनी दिएको छ।

इरानी विदेशमन्त्री होसैन अमिर अब्दोल्लाहिअनले हमलालाई अन्तर्राष्ट्रिय महासन्धिहरूको उल्लङ्घनको संज्ञा दिनुभएको छ।

दमास्कसमा सोमवार गरिएको हमलाको बदलामा उस्तै कदम चाल्ने अधिकार इरानसँग रहेको इरानी विदेश मन्त्रालयका प्रवक्ताले बताएका छन्।

आक्रमणमा ११ जना मारिएका विवरणमा जनाइएको छ। तीमध्ये इरानको रिभोल्युश्नरी गार्ड्सका दुईजना वरिष्ठ कमान्डर पनि रहेका छन्।

रिभोल्युश्नरी गार्ड्सले विज्ञप्तिमार्फत जनाएअनुसार मारिनेमा ब्रिगेडियर जनरल मोहम्मद रेजा जाहेदी पनि रहेको पुष्टि भएको छ।

इरानी विदेशमन्त्री होसैन अमिर अब्दोल्लाहिअनले उक्त आक्रमणले अन्तर्राष्ट्रिय महासन्धिहरूको उल्लङ्घन गरेको बताउनुभएको छ।

दमास्कसको मेज्जेह जिल्लास्थित इरानी वाणिज्य दूतावास भवन हमलापछि ध्वस्त भएको अनलाइनमा राखिएका भिडिओहरूमा देखिन्छ।

यसैबिच, इरानको राजधानी तेहरानमा प्रदर्शनकारीहरूले इजरायलविरोधी नारा लगाउँदै इजरायली झन्डा जलाएका छन्।

जाहेदीको मृत्युका लागि इजरायल जिम्मेवार रहेको इरानले जनाएको छ जसलाई दुई देशबिच तनाव चुलिने एउटा सङ्केतको रूपमा हेरिँदै छ।

'निशाना र त्यसका लागि जिम्मेवार पक्षबारे' अमेरिकालाई थाहा हुन नसकेको ह्वाइट हाउसले बताएको छ।

## विश्व सङ्क्षेप

# गर्मीको कारण फिलिपिन्सका दर्जनौँ विद्यालय बन्द

मनिला, ३ अप्रिल (एएफपी)। फिलिपिन्सको राजधानी मनिलाका दर्जनौँ विद्यालयहरूमा मङ्गलबार अत्यधिक गर्मीका कारण पठनपाठन बन्द गरिएको त्यहाँका शिक्षा अधिकारीले जानकारी दिएका छन्।

महानगरमा मङ्गलबार ४२ डिग्री सेल्सियस र बुधबार ४३ डिग्री सेल्सियसको स्तर पुग्ने अपेक्षा गरिएको राज्यको मौसम पूर्वानुमान कार्यालयले जनाएको छ।

मङ्गलबार मनिलाको उच्चतम तापमान ३४ डिग्री सेल्सियस रहने अनुमान गरिएको थियो।

स्थानीय अधिकारीहरूले सहरको सबैभन्दा बढी जनसङ्ख्या भएको क्विजोनका प्राथमिक र माध्यमिक विद्यालयहरूलाई बन्द गर्न आदेश दिएको र अन्य क्षेत्रका विद्यालयहरूलाई दूर शिक्षामा सार्ने विकल्प दिएको बताएका छन्।

केही विद्यालयहरूले दिनको सबैभन्दा तातोबाट बच्न कक्षाको समय छोटो पारेका थिए।

मौसम पूर्वानुमान विभागले ४२-५१ डिग्री सेल्सियस तापक्रमले फिलिपिनीहरूमा शरीरमा मांसपेशीहरू दुख्ने समस्या हुने र यो समस्या ४२-५१ डिग्री सेल्सियसको तापक्रमबाट सुरु हुने जानकारी दिनुभयो।

# युक्रेनी विस्फोटक पदार्थ जफत गरेको रुसको दाबी

मस्को, ३ अप्रिल (एएफपी)। रुसको सङ्घीय सुरक्षा बल (एफएसबी) ले मङ्गलबार युक्रेनबाट पठाइएको र युरोपेली सङ्घ (ईयू) हुँदै मूर्तिहरूमा लुकाएर ल्याइएको भारी मात्राको विस्फोटक पदार्थ जफत गरेको बताएको छ।

लाटभियन सीमा नजिकैको उत्तरपश्चिमी पेस्कोभ क्षेत्रमा सामानको जाँचपछि उक्त विस्पोटक पदार्थ जफत गरिएको एफएसबीले एक विज्ञप्तिमा उल्लेख गरेको छ।

एफएसबीका अनुसार 'युरोपेली सङ्घ हुँदै युक्रेनबाट विस्फोटक पदार्थको सीमापार यातायात मार्ग भएको भन्दै कार्गो रोमानिया, हङ्गेरी, स्लोभाकिया, पोल्यान्ड, लिथुआनिया र लाटविया हुँदै गएको' थियो।

जफत गरिएको विस्पोटक पदार्थमध्ये कार्गोमा ७० किलो घरेलु विस्फोटक र विस्फोटक उपकरणहरू 'मूर्ति' मा लुकेको र प्रयोगका लागि तयारी अवस्थामा थिए। यस कार्यमा संलग्न एक व्यक्तिलाई पक्राउ गरिएको जनाउँदै विदेशीहरूसहित सबै संलग्नहरूलाई पत्ता लगाई रुसमा कानुनी कारबाही गरिने स्रोतले जनाएको छ।

# युक्रेनदेखि एघार सय किलोमिटर टाढा रहेको रुसी क्षेत्रमा ड्रोन आक्रमण

मस्को, ३ अप्रिल (एएफपी)। युक्रेनबाट एक हजार १०० किलोमिटर भन्दा बढी दूरीमा रहेको तातारस्तानमा रहेको कारखानामा ड्रोन आक्रमण भएको रुसले जनाएको छ।

तातारका नेता रुस्तम मिन्निखानोभको सञ्चार शाखाले टेलिग्रामलाई दिएको जानकारीअनुसार 'तातारस्तानमा येलाबुगा र निज्नेकम्स्कस्थित कारखानामा ड्रोन आक्रमण भएको' हो।

विज्ञप्तिमा भनिएको छ,"आक्रमणबाट गम्भीर क्षति भएको छैन र कारखानाको काम प्रभावित भएको छैन तर येलाबुगामा मानिसहरू घाइते भएका छन्।"

रुसको विशेष आर्थिक क्षेत्र मानिने येलाबुगा नजिकै रासायनिक र मेकानिकल ईन्जिनियरिङ र धातुजन्य सामान उत्पादन गर्ने कारखानाहरू छन् भने निज्नेकम्स्कमा पेट्रोल उत्पादन गर्ने कारखाना रहेको छ।

अलाबुगा विशेष आर्थिक क्षेत्रमा एउटा घरमा दुईवटा ड्रोन प्रहार हुँदा दुई जना घाइते भएको स्थानीय प्रशासनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# बाढीको जोखिमको भविष्यवाणी गर्न अस्ट्रेलियामा एआईको प्रयोग

सिड्नी, ३ अप्रिल (सिन्ह्वा)। अस्ट्रेलियाको दक्षिणपूर्वी राज्य 'न्यू साउथ वेल्सले' मङ्गलबार बाढीको सम्भावित प्रभावहरूको भविष्यवाणी गर्न कृत्रिम बौद्धिकत्ता (एआई) र मोबाइल फोन नेटवर्कको प्रयोग गर्ने प्रविधिको परीक्षण गरिरहेको जनाएको छ।

सरकारले एक मिडिया विज्ञप्तिमार्फत, यसले गर्दा गम्भीर मौसमी घटनाहरूमा समुदायहरूलाई जोगाउन मद्दत गर्न सक्ने उल्लेख गरेको छ। उक्त विज्ञप्तिमा वास्तविक-समय मौसम जानकारी दिन 'ब्यूरो अफ मेटियोरोलोजी डेटा' र बाढी जानकारीसँग जोडिएको उल्लेख गरिएको छ। परिदृश्य ( भिजुअलाइजेसन) र स्पेसियल डिजिटल ट्विन (प्रयोगकर्ताहरूलाई मोडेलहरूको रूपमा डेटाको विश्लेषण गर्न एकै ठाउँमा ठुलो मात्रामा डेटा व्यवस्थित गर्न सक्षम बनाउने) मार्फत परिदृश्य र निर्मित वातावरणमा परिवर्तनहरू प्रदर्शन गर्न सम्भव भएको भनिएको छ।

पूर्वाधार र समुदायहरूमा जोखिमहरू भविष्यवाणीमा प्रयोग गर्न सकिने र राज्यको आपत्कालीन सेवालाई लक्षित अलर्टहरूमार्फत प्रभावित समुदायहरूमा जानकारीको द्रुत प्रसारको लागि डेटाको सम्भावितरूपमा प्रयोग गर्न यसले मार्गप्रशस्त गर्दछ।

# असल होइन आर्थिक वृद्धि (जीडीपीको मिथक)

बर्ट शुवेनबर्ग

दोस्रो विश्वयुद्धपछि विश्वका राजनेता र आर्थिक परामर्शदाताहरूले आर्थिक वृद्धिको खोजलाई सबैभन्दा माथिल्लो प्राथमिकतामा राखे । यसलाई कुल गार्हस्थ उत्पादन (जीडीपी) का आधारमा मापन गरिन्छ । जीडीपी देशको आर्थिक पैदावार जनाउने एउटा समष्टि अङ्क हो । यसमा उपभोक्ताको खर्च, निजी लगानी र सरकारी खर्च समावेश हुन्छ ।

आजका बहुसङ्ख्यक मिडिया र बौद्धिक वृत्तले आर्थिक वृद्धिलाई निर्विवाद र अत्यावश्यक चीज मानेको छ । आर्थिक वृद्धि नभए मन्दी आउँछ र आर्थिक मन्दी उचित होइन भन्ने मान्यता व्यापक छ ।

थोरै विषयमा मात्र बेलायत सरकार र लेबर दलबिच मतैक्य छ । लेबर दलका नेता किर स्टार्मरले आर्थिक वृद्धिको हकमा कायापलट हुनुहुँदैन भने । उनी र छायाँ चान्सलर रेचल रिभ्सले आफू निर्वाचित भए आर्थिक वृद्धिलाई मूल नीति बनाउने वचन दिँदै आएका छन् ।

बेलायतमा प्रम ऋषि सुनकको अनुदारवादी सरकारले उदासीन आर्थिक वृद्धिदरको आलोचना गर्ने मौका हत्तपत्त गुमाइन्न । यो कुरा बेलायतको ट्रेड युनियन कङ्ग्रेसमा पनि दोहोऱ्याइयो । आर्थिक वृद्धिदर घट्दै गइरहेको हुनाले कामदार जनताको जीवनस्तर खस्किँदो भएको सम्मेलनमा जोडतोडले उठ्यो ।

सरल भाषामा भन्नुपर्दा जीडीपी बढ्नुलाई जनताको जीवनस्तर उकासिएको अर्थमा हेरिँदै आएको छ । तर, तथ्यले यो विश्लेषणलाई सही सिद्ध गर्दैन । यो विश्लेषणका जनक सिमोन कुज्नेत्स हुन् । उनी रुसी मूलका अमेरिकी अर्थविद् र तथ्याङ्कविद् । उनले नै अमेरिकाको सन् १९३० को दशकको महामन्दीताका जीडीपीको अग्रवर्तीरूपमा 'जीएनपी' (कुल राष्ट्रिय उत्पादन) को अवधारणा ल्याउन मुख्य भूमिका खेलेका थिए ।

उनले अमेरिकी संसद्लाई सजग पार्दै भनेका थिए - राष्ट्रिय आयको तथ्याङ्कलाई कुनै देशको सामाजिक-आर्थिक कल्याण हेर्ने नभई त्यो देशको उत्पादन र उपभोग मापन गर्ने साधनको रूपमा हेरिनुपर्छ । उनको आविष्कारलाई सन् १९४४ को ब्रेटन उड्स सम्मेलनमा जोन मेनार्ड किन्सले परिमार्जन गरे र अझ समावेशी चरित्रको जीडीपीको सूत्रपात भयो । आजको 'जीडीपी' त्यसरी बनेको थियो ।

जीडीपीभित्र गएर प्रतिव्यक्ति अङ्कहरूलाई हेर्ने हो भने पनि त्यसमा मान्छेले पाउने फुर्सद, वातावरणीय गुणवत्ता, शिक्षा-स्वास्थ्यको स्तर र बजारबाहिर हुने कुनै पनि गतिविधिको मापन हुन्न । त्यसको परिभाषाभित्र यी पक्ष अटाउँदैनन् ।

त्यसमा आर्थिक वितरण, असमानता र धेरै मानिसको जीवनस्तर सुधार्ने प्राविधिक प्रगतिको ढाँचा समेटिन्न । उदाहरणको लागि संरा अमेरिकाको औसत प्रतिव्यक्ति जीडीपी जर्मनीको भन्दा उच्च छ । तर, अमेरिकाका कामदारले भन्दा जर्मनीका कामदारले बढी तलबी बिदा र बिरामी सहुलियत पाउँछन् ।

दक्षिणी गोलार्द्धको धेरै भागका भूमिपुत्रहरूलाई पहिले पुगिसरि थियो । तिनलाई औपचारिक तथ्याङ्कमा नापिन्थेन । तिनलाई पुर्ख्यौली घरखेतबाट खेदेपछि त्यहाँ ठुलाठुला चक्लामा खेती सुरु भयो । त्यो ठुलो आकारको खेतीमा तिनीहरूलाई जबरजस्ती अपुग ज्यालामा काम गराइयो । यसले राष्ट्रिय र प्रतिव्यक्ति जीडीपी दुवैमा बढोत्तरी भयो । तर, वातावरणीय गुणवत्ता र मान्छेको जीवनस्तरमा ठुलो ह्रास आयो ।

अमेरिकी सांसद रोबर्ड केनेडीले सन् १९६८ मा जीडीपीबारे भनेका थिए, "यसले जीवन सार्थक बनाउने साधनलाई छोडी सबैथोक नाप्छ ।"

असीमित आर्थिक वृद्धिमा आधारित नाफाले निर्देशित हुने पुँजीवाद सीमित स्रोतसाधनसितको पृथ्वीका लागि टिकाउ छैन भन्ने निष्कर्षमा बिस्तारै धेरैजना पुग्दै छन् । यसैबाट 'डिग्रोथ सिद्धान्तहरू' जन्मिँदै छन् । यी सिद्धान्तले अर्थनीतिको जोड सामाजिक उत्थानमा हुनुपर्छ; औसत आयु, पर्याप्त स्वास्थ्य सुविधा, आवास र शिक्षाको सुविधा नै पर्यावरणीय तथा मानवीय सुस्वास्थ्यका गतिला सुचकाङ्क हुन् भन्दै छन् ।




यी तर्कमा उल्लेख्य सकारात्मक पक्ष भए पनि भौतिक वृद्धि र वित्तीय वृद्धिबिच स्पष्ट रेखा कोर्नुपर्छ । भौतिक स्रोतसाधन सीमित हुनाले भौतिक वृद्धिको एउटा सीमा छ । कागजी नोटको ठुलो लेनदेनमा आधारित हुने हुनाले वित्तीय वृद्धि आफैँमा अत्यन्त शङ्कास्पद लाभ हुनसक्छ । यी लेनदेनमा जुवा, सेयर लगायत एकैचोटि मालामाल हुने आशाले गरिने ठगी लगानीका कारोबार पर्छन् । 'खुला बजार' अर्थतन्त्र झन्झन् रामभरोसे बन्दै छ र यसैलाई टेवा दिन यसखाले कारोबारको प्रयोग गरिन्छ ।

यसबाट आर्थिक वृद्धि र नाफाको खोजीमा नैतिकता नामको कुनै छेकबार हुन्न भन्ने तथ्य स्पष्ट हुन्छ । यसको लागि हतियार कम्पनीमा भइरहेको घिनलाग्दो छेलोखोलो लगानी हेरे पुग्छ किनभने ती हतियार प्यालेस्टिन, युक्रेन, कङ्गो र यसैखाले देशका नृशंस द्वन्द्वमा प्रयोग हुन्छन् ।

जीडीपी वृद्धिलाई मानव खुसीसँग तुलना गर्नु विरोधाभाषपूर्ण हुन्छ । यसो गर्नाले कामलाई तर्कहीन र विभेदकारी आँखाले हेर्न पुगिन्छ । जीडीपी वृद्धि र मानव खुसीबिचको अन्तर्विरोध यही हो ।

बेलायतमा बाँच्न झन्झन् महँगो हुँदै छ भने जीवनस्तर झन्झन् खस्किँदै छ । धेरै महिला बालबच्चालाई कुनै ज्यालादारी धरालेको रेखदेखमा छोडेर जबरजस्ती रोजगार बजारमा होमिँदै छन् । मिडियामा यसलाई महिला स्वतन्त्रता भनी फूलबुट्टा भरिँदै छ ।

यो पछिल्लो रितका कारण धेरै महिला र धरालेहरूको जीडीपी त बढेको छ तर त्यसको लागि आमाहरूले आफ्ना सन्तानसँग बस्ने क्षमता गुमाएका छन् । सन्तानसँगै रहने क्षमतालाई बढी चढाएर ती महिलाको जीडीपी बढेको हो ।

यसको तात्पर्य छोराछोरीलाई हेर्न महिलामात्र घरमा बस्नुपर्छ भन्नु होइन । तर, के मात्र देखाउनु हो भने आफ्नै सन्तानको भन्दा पनि अरूका सन्तानको धरालो गर्दा तलब पाउनु आफैँमा विडम्बनापूर्ण छ । तर, जीडीपी भने बढ्छ !!

यो कुरा हजारौँ अवैतनिक हेरालुहरूको हकमा पनि लागु हुन्छ । यस्ता हेरालु धेरै त महिला नै हुन्छन् । तिनले घरका बिरामीहरूको हेरविचार गर्छन् तर कुनै स्याहार केन्द्रमा सोही काम गर्दा पाउने ज्यालाबाट वञ्चित हुन्छन् । यसरी जीडीपी बढेन ।

माथिको उदाहरणबाट के साबित हुन्छ भने सरकारले तोकेरै उचित खर्च गरेको खण्डमा मात्र दिगो आर्थिक वृद्धि तथा मान्छेको जीवनस्तर र स्वास्थ्यमा प्रगति हुन सक्छ । आफ्ना नातेदारहरूको रेखदेख गर्ने ती हजारौँ अवैतनिक हेरालुहरूले सामाजिक ज्याला पाएको खण्डमा जीडीपीमा सकारात्मक प्रभाव पर्न सक्थ्यो ।

तथापि पछिल्ला दशकका प्रमाणहरू हेर्दा बढ्दो आर्थिक वृद्धिदरको खाजी यथार्थपरक छैन । सन् १९४९ र २०२० बिच सन् १९७३ मा बेलायतको वार्षिक वृद्धिदर उच्चतम (६.५ प्रतिशत) थियो । सन् १९६१ र १९८५ बिच आर्थिक सहकार्य र विकास सङ्गठन ओइसीडी देशहरूको प्रतिव्यक्ति जीडीपी ३ प्रतिशत बढ्यो । सन् १९७० को दशकमा ती देशको प्रतिव्यक्ति उपभोग वृद्धि ३ प्रतिशत थियो भने सन् २००० पछि त्यहाँको प्रतिव्यक्ति उपभोग १ प्रतिशतमा झरेको छ ।

यो खस्किँदो अवस्थाबारे थाहा पाएपछि जीडीपीमाथि यतिबिघ्न जोड दिएको र बढी वितरणमुखी, समतामूलक एवम् दिगो परिणाम दिने वैकल्पिक नीतिहरूको विषयमा अति कम छलफल भएको देख्दा आश्चर्य लाग्न सक्छ ।

यद्यपि, बेलायतका दुवै ठुला दलले पुँजीवादी विचारधाराप्रति देखाएको दासत्वपूर्ण समर्पण हेर्दा र 'आर्थिक वृद्धि असल छ' भन्ने कथनको निरन्तर फलाको देख्दा परिवर्तनको त्यति ठुलो सङ्केत देखिन्न ।

***स्रोत : 'एमआर अनलाइन' बाट***
***अनुवाद : गणेश***

# कोल्ड ड्रिङ्क्सको कुलत



अरुणा उप्रेती

आधुनिकताको नाममा धेरै मानिसहरू स्वस्थकर तथा पोषिलो दही, मोहीको सट्टामा बजारको हानिकारक पेयपदार्थ पिउने गर्छन् । ग्रामीण क्षेत्रमा समेत दूध, दहीजस्ता पोषिलो पेयपदार्थ बेचेर विभिन्न ब्रान्डका पेयपदार्थ पिउँछन् । यस्ता पेयपदार्थले मोही, सर्वतलाई नै विस्थापित गर्दै गएका छन् ।

अति गुलियो र रसायन मिसिएका पेयपदार्थले दाँत, पेट, हाडजोर्नीलगायत शरीरका अन्य अङ्गहरूमा विभिन्न प्रकारका समस्याहरू उत्पन्न गराउँछ । यस्ता पेय पिउनाले मोटोपन लगायत अनेक किसिमका रोगको शिकार भइन्छ ।

समाजका 'ठूलाबडा' र अभिभावकको खानपान अभ्यास, विज्ञापन बजार आदिकै प्रभावले होला, हाम्रा बालबालिका त्यही सिकेर कोल्ड ड्रिङ्क्सको कुलतमा परेका छन् । यसले बालबालिकालाई सानैदेखि दीर्घ रोग हुने जोखिम बढेको छ । बालबालिका दीर्घ रोगले घेरिए परिवार र समाजमा मात्र होइन, देश विकासमै समस्या पर्छ ।

पेयपदार्थ पिउने बानीले नशाकैजस्तो अम्मल लाग्छ ।

एक कोल्ड डिङ्क्सको अध्ययन गर्दा त्यसमा क्यान्सर पैदा गर्ने तत्त्व मापदण्डभन्दा निकै बढी भएको पाइएको तथ्य थियो । द सेन्टर फर इन्भायरमेन्ट हेल्थले सो पेयपदार्थलाई रंगयुक्त बनाउन उपयोग गरिने रसायन तोकिएभन्दा निकै बढी भएको र यसमा क्यान्सर उत्पन्न गर्ने तत्त्व पाइएको सार्वजनिक गरेको हो ।

सन् १९६९ मा जाम्बियामा एउटा ठुलै घटना भयो । त्यहाँका थुप्रै आमाहरूले कोल्ड ड्रिङ्क्स उत्तम ठानेर बालबालिकालाई बजारका प्रचलित कोल्ड ड्रिङ्क्सहरू खुवाए । आमाको दूधको सट्टा कोल्ड ड्रिङ्क्स खाने धेरै बालबालिका कुपोषणका कारण अस्पताल भर्ना हुन पुगे । अस्पताल भर्ना भएकामध्ये ५४ प्रतिशत बालबालिकालाई चिसो पेयपदार्थ खुवाइएको पत्ता लागेको थियो । त्यसरी कुपोषित भएका बालबालिकालाई फान्टा बेबी नामकरण गरिएको थियो ।

अमेरिकन डायबेटिक एशोसिएसन र अमेरिकन हार्ट एशोसिएसन दुवैले चिनी भएको कोल्ड ड्रिङ्क्सको उपभोग घटाउन आग्रह गरेका छन् । अमेरिकन डायबिटिज एसोसिएसनले डायविटिज भए चिनीबिनाको चिया, कम क्यालोरी भएको पेयपदार्थ वा कागती पानी मात्र पिउन सुझाव दिएको छ ।

### कोल्ड ड्रिङ्क्समा हुने हानिकारक तत्वहरू

चिसो पेय भनेको बास्ना, गुलियो स्वादलगायत फिँजहरू आउने ग्यासहरू राखिएको पानी हो । चिसो पेय बढी पिउनेको पिसाबबाट बढी मात्रामा खनिज तत्त्वहरू जानसक्छ । शरीरबाट जति बढी खनिजको निष्कासन हुन्छ त्यती नै बढी हाड फुसफुसे भई कमजोर हुने, हड्डी बाथ सुजन हुने, थाइराइड ग्रन्थिको कमजोरी हुने, मुटुको धमनीका रोगहरू हुने, उच्च रक्तचाप र जस्ता स्वास्थ्य समस्याको जोखिम सामना गर्नुपर्ने हुन्छ ।

### क्याफिन

क्याफिन केन्द्रीय स्नायु प्रणालीलाई उत्तेजित गराउने र लत लगाउने तत्त्व हो । यसले कृत्रिम रूपमा शरीरलाई उत्तेजित गराउँछ र हृदयगति बढाउँछ । उत्तेजित अवस्थामा स्मरण शक्ति बढेको, स्फूर्ति बढेको र थकाइ मेटिएको अनुभव हुन्छ । तर यो क्षणिक हुन्छ ।

शारीरिक कसरतपछि चिसो पेयपदार्थ पिउँदा शरीरमा क्यालसियम र पोटासियमको कमी हुन्छ । जसका कारण मांशपेसीहरू सुन्निन सक्छन् र कसरतपछि यथास्थितिमा फर्कन धेरै समय लाग्छ ।

चिसो पेयपदार्थमा हुने क्याफिन र चिनी दुवैले क्याल्सियम नष्ट गर्ने र हाड खियाउने गर्दछन् ।

### चिनी

चिनी सबै चिसो पेयहरूमा पाइने एक प्रमुख तत्त्व हो । यसमा धेरैमात्रामा फ्रक्टोज वर्गको चिनी वा त्यस्तै विभिन्न स्वादहरू मिश्रित तरल पदार्थहरू राखिएको हुन्छ । अधिकांश चिसो पेयमा ४ देखि १५ चिया चम्चासम्म चिनी घोलिएको हुन्छ । एक चिया चम्चा चिनीले १६ क्यालोरी शक्ति पैदा गर्छ । १५ चम्चा चिनीमा २ सय ४० क्यालोरी अर्थात ५ चम्चा नौनी खाए बराबरको क्यालोरी उत्पन्न हुन्छ । बढी क्यालोरीयुक्त खाद्य वस्तुले शरीरको तौल वृद्धि गर्छ ।

विश्व स्वास्थ्य सङ्घले प्रकाशन गरेको एक बुलेटिन अनुसार अहिले चिनी मिसाइएका पेयपदार्थको उपभोग विश्वमा नै बढिरहेको छ । अध्ययन गर्दा खानासँग सम्बन्धित रोगहरू जस्तो: टाइप २ डायबिटिज र अधिक मोटोपनको वृद्धिको एउटा मुख्य कारक तत्त्व पेयपदार्थ भएको पाइएको छ ।

### कृत्रिम बास्ना

चिसो पेयबाट आउने बास्नाहरू सबै कृत्रिम हुन्छन् । टारटजिन नामक रङ्गले सुन्तले पहेँलो रङ्ग दिन्छ । यसलाई क्यान्सरको सम्भावित कारक पनि मानिएको छ ।

धेरैजसो चिसो पेयहरूमा सोडियम पनि हुन्छ । डाइट सोडामा सोडियमको परिमाण ज्यादा हुन्छ । १८० मिलि डाइट सोडामा ३१ मिलीग्राम सोडियमको परिमाण भेटिएको छ । सोडियम बढी हुँदा शरीरमा अनेक प्रकारका स्वास्थ्य समस्या हुन्छन् ।

### दुःखद दृश्य

सरकारी र निजी अस्पतालका क्यान्टिनमा प्याकेट बन्द पत्रु खाना, केक, चिसो पेय पदार्थ धमाधम बेचिन्छन् ।

मानिसहरू मुटु र मिर्गौला खराब पार्ने तिनै वस्तु धमाधम खाइरहेका हुन्छन्, अस्पतालभित्र परिवारका कुनै सदस्यको मुटु वा मिर्गौलाको उपचार चलिरहेको हुन्छ ।

हार्दिक समवेदना



जन्म
२००३/१०/१२

निधन
२०८०/१२/१०

हाम्रा आत्मीय मित्र विष्णुहरि फेलुकी ममतामयी आमा **मथुरी फेलु**को स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

12 PEER Group

हार्दिक श्रद्धाञ्जली



स्व. केशरी मैयाँ वासु

जन्म: २०१७/७/१२ गते    निधन : २०८०/१२/१८ गते

यस वागीश्वरी कलेजका शिक्षक राजेश वासुका ममतामयी माता केशरी मैयाँ वासुको दुःखद् निधन भएको आज चौथो दिन (लक्च) को पूण्य तिथिमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

वागीश्वरी कलेज, वागीश्वरी मावि तथा वागीश्वरी कलेज अफ म्यानेज्मेन्ट परिवार

कमलविनायक, भक्तपुर-९

# राष्ट्रिय सहकारी दिवसको अवसरमा भक्तपुरमा प्रभातफेरी कार्यक्रम



भक्तपुर, २० चैत । 'सहकारीमा सुशासन : प्रविधि र एकीकरण' भन्ने नाराका साथ ६७ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. भक्तपुरको आयोजनामा मङ्गलबार भक्तपुरमा प्रभातफेरी कार्यक्रम सम्पन्न भयो ।

भक्तपुरको टौमढीमा आयोजना गरिएको उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहकारीमार्फत भक्तपुरलाई उदाहरणीय बनाउने कोसिस सहकारीकर्मीहरूले गर्नुपर्ने धारणा राख्नुभयो ।

सहकारी दिवसको अवसरमा शुभकामना दिँदै प्रमुख प्रजापतिले भक्तपुरका सहकारी संस्थाहरू तुलनात्मकरूपमा व्यवस्थित रहेको उल्लेख गर्दै सहकारीमा खराब मानिसहरूको प्रवेशप्रति अत्यन्त सचेत हुन जरुरी रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकामा बहुउद्देश्यीय सहकारी संस्थाहरूलाई सञ्चालनमा रोक लगाउँदै आएको चर्चा गर्दै उहाँले समाजमा असल र खराब व्यक्ति भएजस्तै सहकारीमा पनि त्यसको प्रभाव पर्ने हुँदा सहकारीहरूले राम्रो र व्यवस्थित सहकारीको रूपमा विकास गर्ने कोशिस गर्नुपर्ने बताउनुभयो ।

सहकारीको सिद्धान्तलाई आत्मसात गर्दै सहकारीका सबै सदस्यहरूको साझा हितको निम्ति काम गर्नेतर्फ सहकारी संस्थाले जोड दिनुपर्ने भन्दै उहाँले उत्पादनमूलक क्षेत्रमा लगानी बढाएर व्यापक जनताको हितमा काम गर्न सहकारीहरू अग्रसर हुनुपर्ने बताउनुभयो ।

नेपालको जलस्रोतमा भारतको एकाधिकार कायम रहेसँगै जलस्रोतको माध्यमबाट भारत नेपालको सम्पूर्ण अर्थतन्त्र कब्जा गर्न खोज्दै छ भन्दै उहाँले नेपाल हरेक विषयमा भारतनिर्भर हुँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष कृष्णगोविन्द लाखाजूले सरकारले आर्थिक विकासको लागि सहकारी एकीकरण भन्दै सहकारी संस्थाहरू गाभ्ने (मर्ज) नीति गलत भएको बताउँदै सहकारीलाई लेनदेन गर्ने संस्था नभई सामाजिक संस्थाको रूपमा विकास गर्नुपर्ने बताउनुभयो ।

सङ्घका सचिव तथा नगर समन्वय उपसमितिका संयोजक जगन्नाथ प्रजापतिले सहकारी दिवस मनाउनुको उद्देश्यबारे प्रस्ट पार्दै सहकारीमा सुशासन कायम गर्ने नीतिअनुरूप भक्तपुरका चारवटै नगरपालिकामा सहकारी दिवस कार्यक्रम आयोजना भएको बताउनुभयो ।

प्रभातफेरी कार्यक्रम भनपा वडा नं. १ दूधपाटी र कमलविनायक गरी दुई ठाउँबाट सुरु भएको र्‍याली टौमढीमा पुगी सभामा परिणत भएको थियो ।

### मध्यपुरमा पनि सहकारी दिवस

मध्यपुर । मध्यपुरको नगदेशमा मङ्गलबार ६७ औँ सहकारी दिवस मनाइयो । मध्यपुर नगरपालिकाको आयोजनामा सो कार्यक्रम भएको हो । कार्यक्रमपूर्व बोडेको चार दोबाटोबाट सुरु भएको र्‍याली नगदेशको छ्वास टोलमा टुङ्गिएको थियो ।

कार्यक्रममा नगर प्रमुख सुरेन्द्र श्रेष्ठले ६७ वटा बेलुन उडाइ कार्यक्रमको उद्घाटन गर्दै मध्यपुरका सम्पूर्ण सहकारीलाई सूचिकृत गर्ने र सहकारीको समन्वय समिति बनाउने जानकारी दिनुभयो । उपप्रमुख विजयकृष्ण श्रेष्ठले विभिन्न सहकारीले बचतकर्ताको बचत हिनामिना गरेकाले सहकारी सूचना केन्द्र स्थापना गर्ने विश्वास दिलाउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य नगरपालिकाका कार्यकारी प्रमुख प्रशासकीय अधिकृत रामबहादुर केसीले दिनुभयो ।

# शिष्ट व्यवहार आवश्यक

सरकारी कार्यालयमा कर्मचारी, स्कूलमा शिक्षक, शिक्षिका, अस्पतालमा चिकित्सक या नर्स, स्थानीय तहमा जनप्रतिनिहरूको कडा बोलीले कसैलाई मन पर्दैन । असभ्य बोली अस्पतालमा बिरामी, स्कूलमा विद्यार्थी, सरकारी कार्यालय या स्थानीय तहमा नगरवासीहरू चिढिएका हुन्छन् । अस्पतालमा आउने बिरामी या सेवाग्राहीलाई हप्काएर, असभ्य शब्द बोलेर रोग निको हुने होइन । चाहे त्यो ख्वप अस्पताल, भक्तपुर अस्पताल या अन्य अस्पतालमा नै किन नहोस् । कुनै बिरामीलाई किन आएको भनी ठुलो स्वरले भन्यो, तर्साउने पाराले भन्यो भने त्यस्तो चिकित्सप्रति बिरामीको हेराइ वा बुझाइमा नकारात्मक असर पर्छ । कुनै जनप्रतिनिधिले काममा आएको सेवाग्राही या टोलवासीलाई हप्काएर भन्यो या बेवास्ता गर्‍यो भने त्यस्तो जनप्रतिनिधिले जनताको विश्वास कसरी लेला ? विद्यालयमा विद्यार्थीले पढेन, गृहकार्य गरेन भनेर शिक्षकले कुटपिट गरे भने त्यो शिक्षकप्रति विद्यार्थीको मात्र होइन अभिभावक र समाजकै नराम्रो छाप पर्छ । त्यसकारण, कुनै संस्था या निकायमा रहेका जिम्मेवार व्यक्तिहरू संवेदनशील हुनुपर्छ; उनीहरूले खर्रो बोल्नु हुँदैन । उनीहरूको बोलीबचन शिष्ट हुनुपर्छ; मन छुने खालको हुनुपर्छ । कुनै बिरामी, विद्यार्थी या सेवाग्राहीको कमीकमजोरी छ भने मिजास तरिकाले सुधार्ने उपाय बताउनुपर्छ । जिम्मेवारी बहन गरेका व्यक्तिहरू छुच्चा भएमा, अशिष्ट व्यवहार गरेमा त्यो व्यक्तिको मात्र होइन संस्थाकै बदनाम हुनसक्छ । त्यसतर्फ सम्बन्धित व्यक्तिहरू जो जहाँ रहे पनि कार्य क्षेत्रमा रहे पनि शिष्ट व्यवहार गरी आफ्नो कर्तव्य पालना गर्नुपर्छ ।

बोली शिष्ट भएन, बिरामीलाई बरोबर फर्काउने काम भयो भन्ने कुरा ख्वप अस्पतालमा पनि बेलाबखत नउठेको होइन । कहिले औषधि नहुने, औषधि लिन घण्टौँ लाइन बसेर पालो आउने बेला यहाँ औषधि छैन भन्ने, बीमामा पर्दैन भनी फर्काउँदा बिरामी या बिरामीका परिवारका सदस्यहरू हैरान भएको खबर पनि बेलाबखत सुन्नमा आएको हो । चाहे औषधिको काम गर्ने होस्, चाहे नाक, कान, घाँटीको क्षेत्र होस्, चाहे दाँत या चस्मा या आँखाको किन नहोस्, बिरामीलाई चित्त दुख्ने काम या व्यवहार नगर्दा जाती नै होला ।

बिरामीहरूमा पनि संयमता आवश्यक हुन्छ । कुनै संस्थाको नियममा रहेर व्यवहार गर्नुपर्छ । घोडा चढ्ने लड्छ भनेझैँ काम गर्दा कसैको बिग्रिन सक्छ, कसैको कमीकमजोरी हुनसक्छ । त्यसलाई आलोचना गरेर या सम्झाएर सच्याइनुपर्छ । हरेक क्षेत्रमा रहेर काम गर्दा संयमता चाहिन्छ; धैर्यता चाहिन्छ; शिष्ट व्यवहार गर्नुपर्छ, नम्र बोली हुनुपर्छ । कुनै कुरा कसैले भन्नुपर्‍यो, सुझाउनुपर्‍यो भने मनपरी या जथाभावी भन्नु उपयुक्त हुँदैन । कहिलेकाहीँ सानो गल्ती या कमजोरीले विवाद चर्केर अनावश्यक झगडा गर्नुपर्ने हुन्छ । यतातर्फ अस्पताल, स्कूल, स्थानीय तह या अन्य सरकारी कार्यालयमा कार्यरत सबै व्यक्तिहरू जिम्मेवारीपूर्वक आ-आफ्नो क्षेत्रमा काम गर्नुपर्छ ।

***एलिसा कोजु***

***बैङ्क...***

गरिसक्दा पनि सहकारीका विकृति र व्याप्त समस्याहरू यथावत रहेकोमा चिन्ता व्यक्त गर्नुभयो । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष कृष्णगोविन्द लाखाजूले सहकारी स्थापनाको इतिहासबारे प्रस्ट पार्दै वित्तीय तथा आर्थिक अनुशासन र सहकारी सिद्धान्त र मूल्य मान्यतामा सञ्चालित सहकारीहरूमा कुनै समस्या नभएको बताउनुभयो । सहकारी संस्था सुशासनमा सञ्चालन हुने संस्था भएको बताउँदै उहाँले सहकारी एकीकरणको नीति गलत भएको धारणा राख्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत वसन्त भट्टराईले सहकारी संस्थाहरू वित्तीय सङ्कटका असल साथीको रूपमा रहेको बताउँदै सहकारीमा देखिएको चुनौती र समस्याबारे प्रस्ट पार्नुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् सहकारी समितिका संयोजक हरिप्रसाद बासुकला, सहकारी अनुगमन समितिका हरिरत्न गोर्खाली र नारायणप्रसाद त्वानाबासुले पनि बोल्नुभएको थियो ।

***एसईई...***

खिचेर समूहमा पठाएपछि समूहमा संलग्न सबैको मोबाइलमा पुग्दोरहेछ ।

परीक्षार्थीहरूले ३ घण्टामा समाधान गर्न सक्ने प्रश्नपत्र २ देखि साढे २ घण्टामा नै समाधान गर्ने गर्दछन् । यहाँनिर प्रश्न उठ्ने गर्दछ कि परीक्षा सञ्चालन समयावधिभरि केन्द्राध्यक्षबाहेक अरु कसैले मोबाइल बोक्न पाइँदैन भन्ने प्रावधान हुँदाहुँदै परीक्षार्थीहरू कसरी परीक्षा हलमा मोबाइल लिएर जान्छन् ? यो सबै काम सेटिङमा हुने गर्दछ । परीक्षार्थीहरूले केही रकम सङ्कलन गरी केन्द्राध्यक्षलगायत अन्यलाई आफ्नो प्रभावमा पार्ने गर्दछन् । परीक्षा अनुगमन टोलीलगायत अन्य सरोकारवाला पक्षहरूले आफ्नो जिम्मेवारीबोध गरी परीक्षालाई मर्यादित र भयरहित वातावरणमा सञ्चालन गर्न सके हजारौँ विद्यार्थीहरूको भविष्य उज्ज्वल हुन्थ्यो । परीक्षामा चिट चोरेर पास गर्नु भनेको नक्कली नोटसरह हो । जसको कुनै महत्त्व हुँदैन ।

तराईमा चिट चोर्न किन उत्प्रेरित गर्छन् यहाँका अभिभावक, शिक्षकलगायत अन्य वर्गहरू ? तराईमा भइरहेको एसईई परीक्षा विद्यार्थीको लागि हो कि यहाँका सम्बन्धित विषय शिक्षकको ? यहाँका विद्यालयहरूमा पठनपाठन हुने बेला सम्बन्धित शिक्षक/शिक्षिकाहरूको दिमागमा अर्को कुरा खेलिरहेका हुन्छन् । विद्यार्थीहरूलाई कक्षा कोठामा पढ्नको लागि प्रेरित गर्नुभन्दा ट्युसन र कोचिङ कक्षा गर्न प्रेरित गर्ने गरेको देखिन्छ ।

परीक्षामा चिट चोर्नामा विद्यार्थीभन्दा पनि शिक्षक नै बढी दोषी देखिन्छ । यदि शिक्षकले समय व्यवस्थित र योजनाबद्ध ढङ्गले पठनपाठन गराएका भए विद्यार्थीसामु चिट चोर्ने परिस्थिति हुँदैनथ्यो । शिक्षकले बाहिरबाट प्रश्नको समाधान नपठाएको खण्डमा विद्यार्थीले चिट चोर्न सक्दै सक्दैन । एसईई परीक्षा विद्यालय र विषय शिक्षकबिचको प्रतिस्पर्धाजस्तै देखिन्छ । कुन विद्यालय र कुन विषय शिक्षकले बनाएको चिटमा विद्यार्थीहरूले बढी अङ्क प्राप्त गरे भन्ने कुराको मूल्याङ्कन गर्ने गर्दछ । विद्यार्थीको विषयसँग खेलबाड गर्ने यस्ता तत्त्वहरूलाई समयमै पहिचान गरी कडाभन्दा कडा सजायको भागीदार बनाइनुपर्दछ । परीक्षा हलमा मोबाइल फोन लग्न पूर्णरूपमा बन्देज गर्नुपर्दछ । परीक्षा अनुगमन टोलीले परीक्षा हलमा कोहीकतैसँग मोबाइल फेला परेको खण्डमा त्यसका स्रोतहरू सूक्ष्म तरिकाले अनुसन्धान गर्न सक्यो भने कहाँबाट कसले कसरी सहयोग गर्दै छ भन्ने सजिलै पत्ता लगाउन सकिन्छ । यस विषयमा सम्बन्धित निकाय गम्भीर भई समाधान गर्नुपर्दछ । नत्र हजारौँ विद्यार्थीको भविष्य अन्धकारमय हुनुका साथै यस क्षेत्रको शैक्षिक अवस्था झन् भद्रगोल हुनेछ ।

***दूरदर्शी...***

देशमा लामो समयदेखि गठबन्धनको सरकार बनिरहेको छ । गठबन्धनको सरकार अस्थिर बनिरहेको छ । गठबन्धन सरकारमा सामेल दलका नेताहरूले एकले अर्कोलाई धोका दिएको, साथ नदिएको र प्रतिबद्धता तोडेको बताइरहेका छन् । शासक दलका नेताहरू आ-आफ्नो दलको सिद्धान्त र विचार छोडेर भागबन्डामा अल्झेर सत्तामुखी राजनीति गरिरहेको आधारमा कुनै लेखक, बुद्धिजीवीले नेपालमा कुनै पनि राजनीतिक दल विचारको आधारमा इमानदार छैनन् भन्नु सही हुँदैन । कुनै दलका नेताले धोका दियो, साथ दिएन, जिद्दी गरे भनेर सबै राजनीतिक दललाई उही दृष्टिले हेर्नु मनासिब हुँदैन । यो उनीहरूको दृष्टिदोष हो । सबै दलहरू इमानदार छैनन् भनिरहँदा सिद्धान्त र विचारको आधारमा इमानदारीपूर्वक देश र जनताको पक्षमा सङ्घर्षरत दलका नेताहरूमा कस्तो असर पर्ला ? नेताहरूले ती लेखक र बुद्धिजीवीहरूलाई कुन दृष्टिले हेर्लान् ?

ठुला दलका नेताहरू अरुको सरकार ढाल्न पाएपछि दङ्ग पर्छन् र ठुलै कार्य गरेको ठान्छन् । सरकार परिवर्तन भएपछि केन्द्रमा मात्र होइन प्रदेशसभाको सरकारमा पनि हेरफेर हुन्छ । अन्य विभिन्न पदमा आफ्नो मान्छे घुसाउन पाइन्छ । राज्यबाट धेरै सुविधा र सेवा पाउने भएकोले पनि सत्ता ढाल्ने र नयाँ सरकार बनाउने ठुला दलका नेताहरू अनेक चलखेल गरिरहन्छन् । सरकारका नेताहरू सिद्धान्त र विचारको आधारमा नचलेको कारण यो समस्या बारम्बार देखिरहेको हो । शासकहरू देश र जनताप्रति समर्पित भएनन्, जिम्मेवार बनेनन् । देश र दल चलाउने नेताहरूमै राजनीतिक चरित्र र संस्कार भएन भने देश कसरी अघि बढ्छ ? दूरदर्शी शासकहरूको अभावले देश भताभुङ्ग हुँदै छ । राम्रो, असलभन्दा नराम्रो र खराब काम बढेको छ । बेथिति बढेको छ । सर्वसाधारण जनता त के स्वयं शासक दलका नेता, कार्यकर्ताहरू नै आफ्नो सरकारप्रति सन्तुष्ट छैनन् । यसकारण, शासकहरू इमानदार हुनुपर्छ, देश र जनताप्रति जिम्मेवार हुनुपर्छ । सरकार बहुमत जनताको सेवामा जुट्नुपर्छ ।


## हार्दिक समवेदना



जन्म
२००३/१०/१२

निधन
२०८०/१२/१०

मथुरी फेलु

यस समूहका सदस्य कृष्णहरि फेलुकी ममतामयी माता **मथुरी फेलु**को असामयिक निधन भएको आज १२ औँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**बटफल्चा पासा पुचः समूहका साथीहरू**

| | | | |
|---|---|---|---|
| तुल्सीराम खायमली | विष्णु ग्वाछा | बद्रीप्रसाद दुवाल | लक्ष्मण गोसाई |
| बलराम लवजु | हरिप्रसाद पोतामाहाँ | नारायणभक्त कोजु | कृष्णगोविन्द महर्जन |
| राजन गाईजु | कृष्ण कोजु | कृष्णसुन्दर खायमली | कृष्णराम कवां |
| लक्ष्मण फेलु | लक्ष्मीप्रसाद कोजु | श्याम कोजु | लक्ष्मीप्रसाद दुवाल |
| तीर्थकृष्ण दुवाल | सीताराम बोहजु | सनी खायमली | कान्छा बोहजु |
| शिवभक्त गाईजु | पुण्यराम त्योछिन | श्याम बोहजु | रामप्रसाद लवजु |



## महिनावारीको समयमा ध्यान दिऔं

- नियमित् रुपमा नुहाउने, लगाएको कपडा फेर्ने र साबुन पानीले बेला-बेलामा हात धुने गरौं,
- स्यानिटरी प्याड वा सफा र नरम खालको सुती अथवा कटनको कपडाको प्रयोग गरौं,
- कम्तीमा ४ देखि ६ घण्टाको फरकमा स्यानिटरी प्याड वा प्रयोग गरेको कपडा फेरौं,
- प्रयोग गरेका कपडाहरु धोए पछि घाममा राम्रोसँग सुकाएर मात्र पुन:प्रयोग गरौं,
- सामान्य शारिरीक व्यायाम गरौं,
- गेडागुडी, माछा, मासु, मौसम अनुसारको फलफूल तथा हरियो सागसब्जी र प्रशस्तमात्रामा पानीलगायत झोलिलो खानेकुरा खाऔं,

सरसफाईमा विशेष ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा